जङ्गली च्याउहरू विषालु पनि हुन सक्छन्, त्यसैले राम्ररी पहिचान गरेर मात्र खाऔं । खेती गरेर उमारेका च्याउ खाने गरौं । जीवन सुरक्षित गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY

# प्रतीक दैनिक

राष्ट्रिय 'क' वर्ग

eprateekdaily.com

निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।

eprateekdaily.com

❖ वर्ष ३७ ❖ २०८० भदौ ०९ गते शनिवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2023 August 26 Saturday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क ०८

## राम्रो काम गरेर ढुक्कले मर्ने चाहना छ –प्रम प्रचण्ड

प्रस, वीरगंज, ८ भदौ/

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले अब आफूले राम्रो काम मात्र गरेर नाम कमाउने बताएका छन्। चार दलीय समाजवादी मोर्चाद्वारा शुक्रवार वीरगंजमा आयोजना गरिएको सन्देशसभामा प्रधानमन्त्री प्रचण्डले जनताले सम्झना राख्ने गरी राम्रो काम गर्ने र ढुक्कले मर्ने चाहना रहेको बताए।

उनले देशमा यसअघि भएका क्रान्तिबाट प्राप्त उपलब्धिलाई संस्थागत गर्दै संविधान रक्षाको लागि समाजवादी मोर्चा गठन भएको बताए । उनले संविधानविपरीत पटकपटक संसद् विघटन गर्नेले अहिले सरकारले केही गर्न नसकेको भनेर आरोप लगाउनु हास्यास्पद भएको बताए ।

सुशासन, समृद्धि, सामाजिक न्याय अन्तर्गत भुटानी शरणार्थी, ललिता निवास, सुन पक्राउ, नागरिकता ऐन संशोधन, नेपाल–भारतबीचको सीमा विवाद, अवरुद्ध विद्युत् परियोजना, सामाजिक सुरक्षा कोष, विदेश जानेहरूको गाउँबाटै श्रम स्वीकृति, फास्ट ट्र्याक, निजगढ विमानस्थलको निर्माण कार्य अगाडि बढाएको सरकारले केही गरेन भनेर टीकाटिप्पणी मात्र गर्नु मूर्खताबाहेक केही नभएको र यी सबै कुरा जनताले बुझेको तर्क गरे ।

उनले समाजवादी मोर्चा बनेपछि केही नेताहरूको होश उडेको बताए । उनले केही व्यक्तिहरू सरकार ढाल्ने कसरतमा लागेको आरोप लगाए । उनले उपेन्द्र यादव, नेत्रविक्रम चन्द विप्लव क्रान्तिबाट आएकाले एउटै उद्देश्य रहेको र माधव नेपाल पनि कार्यगत एकतासहित हिंडेकाले मोर्चाको सरकार ढल्ने दिवास्वप्न नहेर्न सुझाए। उनले मोर्चामा नेका नभए पनि सभापति शेरबहादुर देउवाको राय परामर्श लिएर मोर्चाले काम गरिरहेको बताए ।


सन्देशसभामा मोर्चाका नेताहरू बिरुवामा पानी हाल्दै । तस्वीरः प्रतीक

नेकपा एकीकृत समाजवादीका अध्यक्ष पूर्वप्रधानमन्त्री माधवकुमार नेपालले संविधानमा उल्लिखित मौलिक अधिकारका कुरा अहिलेसम्म लागू हुन नसक्नु पछिल्ला सरकारको दोष रहेको बताए। उनले संविधानको रक्षा र जनताको अधिकारको सुरक्षा गरेर अगाडि बढ्नु नै मोर्चाको उद्देश्य भएको दाबी गरे ।

समाजवादी मोर्चाका अर्का नेता जसपा अध्यक्ष एवं पूर्वउपप्रधानमन्त्री उपेन्द्र यादवले संविधानमा असन्तुष्टि जनाए । उनले संविधानतः प्रदेश गठन भएको तर अधिकारबाट वञ्चित पारिएको आरोप लगाए । उनले संविधानले प्रदेशलाई सबैथोक दिएको छ तर प्रदेशसँग केही पनि छैन। उनले यो अधिकारबाट खसवादीहरूले वञ्चित राखेको दोष लगाए। उनले मधेस प्रदेशमा कुल जनसङ्ख्याको ५३ प्रतिशत जनता भएको तर कुल बजेटको १३ प्रतिशत मात्र बजेट विनियोजनले भेदभाव प्रस्ट हुन्छ भनी बताए । उनले संविधानलाई पूर्णरूपमा लागू गराउनकै लागि समाजवादी मोर्चा गठन भएको र सडक, सदन दुवै स्थानबाट दबाब सिर्जना गरी संविधानको पूर्ण पालना गराउने दाबी पनि गरे ।

मोर्चाको अर्को घटक नेकपाका संयोजक नेत्रविक्रम चन्द विप्लवले लामो क्रान्तिपछि देशमा परिवर्तन आएको र त्यसपछि बनेको संविधानको रक्षा गर्नु अहिलेको मूल समस्या भएको जिकिर गरे। उनले वर्तमान संविधानमाथि चौतर्फी प्रहार भइरहेको र यसको रक्षार्थ समाजवादी मोर्चा बनेको बताए ।

जसपाका मधेस प्रदेश अध्यक्ष रामबाबू यादवको सभापतित्वमा भएको कार्यक्रममा स्वागत मधेस प्रदेशका पूर्वमुख्यमन्त्री लालबाबू राउत गद्दीले गरेका थिए ।

### समाजवादी मोर्चाबीच पार्टी एकताको प्रयास

समाजवादी मोर्चाको सन्देशसभामा शुक्रवार मोर्चाका दुई नेता वर्तमान प्रधानमन्त्री र पूर्वप्रधानमन्त्रीद्वय पुष्पकमल दाहाल प्रचण्ड र माधवकुमार नेपालले मोर्चालाई एउटा पार्टी बनाएर अघि बढ्ने कुरामा छलफल भइरहेको बताए। उनीहरूले एकै उद्देश्यका साथ अगाडि बढेकोले तत्काल समाजवादी मोर्चा बनाएर अघि बढेको तर आगामी दिनमा पार्टी एक भएर जाने छलफल चलेको नेताद्वयले आआफ्नो भाषणमा जिकिर गरे । उनीहरूले तत्कालै यो सम्भव नभएको त आआफ्ना नेता, कार्यकर्ताहरूलाई जानकारी गराउने काम भएको र छलफल चलिरहेको बताए। जनभावना र परिस्थितिको माग पनि मोर्चा एक पार्टी भएर अघि बढ्नु देखिएपछि एकता हुन सक्ने उनीहरूले सङ्केत गरेका थिए। यसैबीच, चार दलीय मोर्चा मधेस प्रदेशमा गठन भएको छ। चारवटै दलबाट तीन/तीन जना सदस्य रहने र छ महीनामा नेतृत्व परिवर्तन हुने गरी सुरुआती नेतृत्व जसपाले गर्ने सहमति भएको थाहा हुन आएको छ ।

## आत्मनिर्भर बनाउन महिलालाई प्राथमिकता –नगरप्रमुख सिंह

प्रस, वीरगंज, ८ भदौ/

वीरगंज महानगरपालिकाका प्रमुख राजेशमान सिंहले महिलाहरूलाई आत्मनिर्भर बनाउन महानगरले क्षमता अभिवृद्धिलगायतका कार्यक्रम विशेष प्राथमिकतामा राखेर गरिरहेको बताएका छन्।




वुमन स्किल सेन्टरको १०औं वार्षिकोत्सवको अवसरमा शुक्रवार आयोजित कार्यक्रममा उनले महिलालाई लक्षित गरेर वुमन स्किल सेन्टरले गर्दै आएको कामको प्रशंसा गरे । उनले महानगर महिलाहरूको क्षमता अभिवृद्धि गरी आत्मनिर्भर बनाउने कार्यमा वुमन स्किल सेन्टरसँग हातेमालो गरी अगाडि बढ्ने प्रतिबद्धता जाहेर गरे। उनले नामको मात्र तालीम दिने कार्य नगरी महिलाहरूलाई वास्तवमा आत्मनिर्भर पार्ने गरी कार्यक्रम ल्याउन सुझाए। नगरप्रमुख सिंहले महानगरको सामाजिक विकास महाशाखामा ४० प्रतिशतसम्म कमिशन लिएर तालीम, प्रशिक्षण जस्ता कार्यहरू गराउने गरेको सुनेको र यही कारणले प्रतिफल नपाएको हुन सक्ने बताए। उनले स्किल सेन्टरलाई वास्तविकरूपमा महिलाहरूलाई टेवा पुग्नेगरी तालीम, प्रशिक्षणको योजना ल्याउन आग्रह गर्दै सो कार्यमा आफूले सघाउने बताए।

वुमन स्किल सेन्टरकी अध्यक्ष चञ्चला दासको अध्यक्षतामा भएको कार्यक्रममा वीरगंज उद्योग वाणिज्य सङ्घका अध्यक्ष अनिल अग्रवाल, पूर्वअध्यक्ष सुबोध गुप्ता, मधेस प्रदेश अध्यक्ष अशोक टेमानी, आन्तरिक राजस्व कार्यालय, वीरगंजकी कर अधिकृत कोनिका झा, संस्थाकी पूर्वअध्यक्ष विशेश्वरी शाह, निभा दास, नूतन सरावगीलगायतले वार्षिकोत्सव सफलताका लागि शुभकामना व्यक्त गरेका थिए । संस्थाकी सबनम श्रेष्ठले सहजीकरण गरेको कार्यक्रममा डा सुषमा तिवारी द्विवेदीले स्वागत गरेकी थिइन्।

सोही कार्यक्रममा वुमन स्किल सेन्टरमा आबद्ध स्व ममता राजकर्णिकारको सम्झनामा तीनजना अपाङ्गलाई नगरप्रमुख सिंह, मल्लिका ताम्राकार र पूजा सरावगीले एक/एक थान ह्वील चेयर प्रदान गरेका थिए ।

## मानव बेचबिखन, बालविवाहविरुद्ध प्रशिक्षण

नितेश कर्ण, वीरगंज, ८ भदौ/

मानव बेचबिखनविरुद्धको एकाइ सेक्टर हेडक्वार्टर ४७औं कोर रक्सौल र प्रयास किशोर सहायता केन्द्र पूर्वी चम्पारणले मानव व्यापार (बेचबिखन), बालविवाह, बाल यौन शोषणलगायतका मुद्दाहरूलाई लक्षित गरी सरकारी विद्यालयका विद्यार्थीहरूलाई कार्यक्रमको आयोजना गरेर सचेत गराएको छ ।



सीमावर्ती भारत सिकटाका कक्षा १२ मा अध्ययनरत विद्यार्थीहरूलाई बालश्रम, साइबर अपराधलगायतका विषयमा प्रशिक्षण दिइएको हो ।

मानव बेचबिखन नियन्त्रण एकाइ सेक्टर हेडक्वार्टर ४७औं कोर रक्सौलका इन्स्पेक्टर मनोजकुमार शर्माको अध्यक्षतामा आयोजित कार्यक्रममा नाटकमार्फत बालबालिकालाई मानव बेचबिखनबाट हुने नकारात्मक असरका बारेमा सचेत गराइएको थियो ।

प्रयास बाल सहायता केन्द्र पूर्वी चम्पारणकी जिल्ला परियोजना संयोजक आरती कुमारीले मानव व्यापार, बाल यौन दुर्व्यवहार, बालविवाहमुक्त भारत अभियानमा सहकार्य गर्दै उपस्थित बालबालिकालाई बालविवाह नगर्न शपथ गराएकी थिइन्। एसएसबीका उपनिरीक्षक शिवनाथ मिश्रले शिक्षकहरूलाई साइबर क्राइम र साइबर सेक्युरिटीलगायतका अपराधबाट सजग रहनेबारेमा सचेत गराएका थिए। एसएसबीका हवलदार पम्मी मिश्रले मानव बेचबिखनबाट किन र कसरी सचेत हुन आवश्यक छ भनी बताइन् ।

कार्यक्रममा मानव बेचबिखन नियन्त्रण एकाइ सेक्टर हेडक्वार्टर ४७औं कोर रक्सौलका हवलदारहरू अनिल शर्मा, अरविन्द द्विवेदी, शिवाङ्गी, आरती कुमारी, प्रयास संस्थाका जिल्ला संयोजक राज गुप्ता, शिक्षक पवन कुमार लगायतको सहभागिता थियो ।

## एक सातादेखि गोलभेंडाको भारत निकासी बन्द
## भन्सार छलेर भारतबाट आलु, प्याज आउँदै

राधेश्याम पटेल, वीरगंज, ८ भदौ/

गत साउन पहिलो सातादेखि हरियो तरकारीको माग बढेको छ। सबैथरीका हरियो तरकारीको माग ३० देखि ५० प्रतिशतले बढेको विक्रेताको भनाइ छ। तराई–मधेसका जिल्लामा हरियो तरकारीको दर र राजधानी काठमाडौंमा हरियो तरकारीको दरमा ठूलो अन्तर छ । तर अब केही दिनमा हरियो तरकारीको मूल्य घट्ने आङ्कलन गरिएको छ ।

भारतबाट आलु, प्याजलगायतका तरकारी खुला सीमाका कारण भन्सार छलेर आउन थालेपछि मूल्य घट्ने अनुमान गरिएको छ । भदौ अन्तिम सातासम्म हरियो तरकारीको मूल्यमा अहिलेको तुलनामा २० देखि ३० प्रतिशत कमी आउने वीरगंजका तरकारी व्यवसायीहरू बताउँछन् ।

वीरगंजका तरकारी तथा फलफूल व्यवसायीका अनुसार गत साउन तेस्रो



सातादेखि भन्सार नाकाबाट भइरहेको गोलभेंडाको निकासी एक सातादेखि बन्द रहेको छ। भारतमा गोलभेंडाको अभाव सिर्जना भएपछि गत साउन २१ देखि भारतले नेपालबाट निकासी फुकुवा गर्दै भित्र्याउन शुरू गरेको थियो । भन्सार विभागको तथ्याङ्क अनुसार गत साउन २२ देखि भदौ १ गतेसम्म नेपालको वीरगंज, काँकडभिट्टा र भैरहवा गरी तीन भन्सार कार्यालयबाट रु ८० लाख ३६ हजार मूल्य बराबरको छ लाख ६९ हजार ६८० किलो गोलभेंडा भारत

(बाँकी अन्तिम पातामा)

## विचारसार र सूक्तिहरू

**आफ्नो पीडा महसूस हुनु जीवित हुने प्रमाण हो, तर अरूको पीडा महसूस हुनु मानव हुने प्रमाण हो ।**


| | |
|---|---|
| प्रकाशक | : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : विकाश शर्मा |
| सम्पादक | : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : आरके पटेल |
| बारा विशेष प्रतिनिधि | : गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: www.eprateekdaily.com


# विद्यालयमा दिवाखाजा

**आर्थिक विपन्नता र खाद्य समस्याबाट गुज्रिरहेका बालबालिकालाई कुपोषणबाट जोगाउँदै शिक्षा दिने उद्देश्यले नेपालमा विद्यार्थीलाई दिवाखाजा कार्यक्रम सुरुआत भएको छ दशक पुग्नै लाग्यो । विसं २०२४ मा सर्वप्रथम ३७ वटा जिल्लामा विद्यार्थीका लागि दिवाखाजा कार्यक्रम लागू भएको थियो । यसको चार दशकपछि विसं २०६५ मा अरू १९ वटा जिल्लामा उक्त कार्यक्रम विस्तार भयो । त्यसैगरी २०७५ देखि थप १२ वटा जिल्लामा दिवाखाजा कार्यक्रम लागू गरियो । यो लगत्तै २०७६ मा ओली नेतृत्वको सरकारले 'सामुदायिक विद्यालयमा दिवाखाजा मापदण्ड तथा कार्यक्रम सहजीकरण पुस्तिका' लागू गऱ्यो र मानव विकास सूचकाङ्कमा पछि परेका सबै जिल्लाका विद्यार्थीलाई दिवाखाजा खुवाउने निर्णय गऱ्यो । सोभन्दा पहिलेका आर्थिक वर्षमा भन्दा दोब्बर रकम विनियोजन गरिएपछि तत्कालीन अर्थमन्त्री युवराज खतिवडा चर्चाको शिखरमा थिए । कक्षा ५ सम्मका बालबालिका लक्षित गरी दैनिक १५ रुपैयाँको दरले वार्षिक १८० दिनको सम्बन्धित विद्यालयलाई रकम भुक्तानी दिने व्यवस्था छ ।**

**अधिकांश विकसित मुलुकमा विद्यालयको दिवाखाजा अनिवार्य सरकारी दायित्वभित्र छ । हाम्रो मुलुकले पनि लामो समयको अध्ययन, अनुसन्धान तथा चरणबद्ध अभ्यासबाट अति उत्तम ठहर भएपछि मात्रै राष्ट्रव्यापीरूपमा यो कार्यक्रम लागू गरेको हो । मुख्यतः सबैको लागि शिक्षा, अनिवार्य शिक्षा, कुपोषण न्यूनीकरण र असमानताविरुद्धका कार्यक्रमलाई यसले ठूलो टेवा पुऱ्याएको छ । विपन्न, गरीब, मजदूर, बेसहारा, सर्वहारा परिवारका बालबालिका घरमा खाद्यान्न अभावका कारण विद्यालयसम्म पुग्न सक्ने अवस्था थिएन । गरीबीको रेखामुनि रहेका अधिकांश घरपरिवार 'हुँदाखाने' अवस्थाका छन् । उनीहरूलाई बिहान खाएर बेलुकी के खाउँ र बेलुकी खाएर बिहान के खाउँको अवस्था थियो । त्यो अवस्थामा एक गाँस खानाकै लागि भएपनि उमेर नपुगेका बालबालिकासमेत मजदूरी गर्न बाध्य थिए । त्यसैगरी, बुबा, आमा मजदूरीमा जाने परिवारका बालबालिका समयमा घरमा खाना नपाक्दा भोको पेट विद्यालय आउन सक्ने भएन । कतिपय सम्पन्न, हुनेखाने घरका बालबालिकासमेत भोक लागेपछि टिफिन समयमा भाग्ने गर्थे । टिफिन समयपछि विद्यालयमा रहेका थोरै बालबालिकाको अनुहार पनि ओइलाएको जस्तो देखिन्थ्यो । आज सामुदायिक विद्यालयहरूको प्राथमिक तहमा यो अवस्थाको अन्त्य भएको छ ।**

**चौतर्फीरूपमा सकारात्मक तथा प्रभावकारी देखिएको दिवाखाजा कतिपय विद्यालय र पालिकाका बदमाशीका कारण केही विद्यालयहरूमा अनियमित देखिएका छन् । गत आवमा पर्साका केही विद्यालयमा नौ महीनासम्म खाजा खुवाइएन । यस वर्ष पनि वर्षे बिदापछि खुलेका अधिकांश पालिकाका विद्यालयहरूमा दिवाखाजा नखुवाइएको खबर सार्वजनिक भएको छ । स्थानीय तहले रकम नदिएको विद्यालयको भनाइ छ भने सङ्घले रकम अपुग पठाएको, विद्यालयहरूले अनियमितता गरेको स्थानीय तहका अधिकारीहरूको आरोप छ । यी सबै बेतुकका कुरा हुन् । सङ्घले रकम अपुग दिए पालिकाले अन्य शीर्षकबाट रकमान्तर गरेर भएपनि बालबालिकालाई खाजा खुवाउनुपर्ने र अनियमितता गर्नेलाई कारबाई गर्ने दायित्व स्थानीय सरकारको हो । विद्यालयहरूले पनि पहिले आफ्नै स्रोतले खाजा खुवाएर पछि माग फाराम [redacted]वाउँछु भन्नु गलत नियत देखिन्छ ।**

# प्रजातन्त्रको आवरणमा बहुदलीय तानाशाही सिन्डीकेट उदय

### स्वतन्त्र विचार



**बद्रीप्रसाद खतिवडा**

**अबको क्रान्ति मतदाताहरूको नेतृत्वमा निर्णायक एवं अन्तिम तेस्रो आन्दोलन हुनेछ । मतदाताले विगतको गलती दोहोऱ्याउनेछैनन् । हाम्रोलाई होइन राम्रोलाई छान्नेछन् । मतदाताको जिम्मेवारी मतदान गर्ने काम मात्र होइन, निरन्तर आफूले चुनेका प्रतिनिधि र सम्बद्ध दललाई खबरदारी पनि गरिरहनुपर्छ ।**

२०४६ सालमा शाही घोषणाबाट राजनीतिक दलमाथिको प्रतिबन्ध हट्यो । उक्त घोषणापत्रको मसी सुक्न नपाउँदै दलीय तानाशाही सिन्डीकेटको उदय भयो । निर्दलीय पञ्चायती शासनकालमा आफ्नो बलबुतामा २०३६ सालमा स्थापित एवं २०४६ सालको बहुदलीय प्रजातन्त्र प्राप्तिको लागि सहयोद्धाको अहम् भूमिका निर्वाह गरेको नेपाल राष्ट्रिय शिक्षक सङ्गठनलाई तिनले दमनको प्रथम निशाना बनाए । २०४७ सालको प्रारम्भबाट नेपाली काङ्ग्रेसका नेता गिरिजाप्रसाद कोइरालाको इशारामा नेकापक्षीय शिक्षकहरूलाई नेराशि सङ्गठनबाट अलग्याएर नेपाल शिक्षक सङ्घ नामको भिन्न समूह खडा गरियो । तत्पश्चात् मूल सङ्गठनबाट चोइटाइँदै दलपिच्छेका शिक्षक समूहहरू बनाउने क्रम शुरू भयो । चोइटिएर अन्तिम बाँकी रहेको नेराशि सङ्घको शेष अंश केपी ओलीको डम्फूको तालमा अलोकतान्त्रिक ढङ्गको नाच चाच्दै छ ।

विचार गरी हेर्दा लोकतन्त्रको पनि एक जोडी पखेट छ । ती पखेटा हुन्– राजनीतिक दल र जनवर्गीय सङ्गठन । यी पखेटाको सन्तुलित उडानविना लोकतन्त्र लक्ष्यमा पुग्न असम्भव छ । स्वतन्त्र पेशागत जनवर्गीय सङ्गठनको सहकार्य एवं प्रयासविना दलहरूको एक्लो प्रयासले मुलुक हाँक्ने दुस्साहस गर्दा विगत साढे तीन दशकदेखि मुलुकले गति लिन सकिरहेको छैन । रामायणको कथामा जटायूको एउटा पखेटा रावणको तरबारले काटिएपछी जटायू थला पऱ्यो । यति राम्रो कथाबाट हाम्रा स्वार्थमा अन्ध दलहरूले शिक्षा लिन सकेनन्, जसको फलस्वरूप विगत ३६ वर्षदेखि मुलुकको स्थिति झन्झन् खस्कँदो स्थितितर्फ अग्रसर छ । यसको एकमात्र प्रमुख कारण जनवर्गीय सङ्गठनको भूमिकाको उपेक्षा । हाल जनवर्गीय सङ्गठन पखेटा काटिए सरह कुजो अवस्थामा छ । यी भए पुराना दलहरूको जनवर्गीय सङ्गठनहरूलाई हेर्ने दोषपूर्ण दृष्टि । नवोदित राष्ट्रिय स्वतन्त्र पार्टीको जनवर्गीय सङ्गठनलाई हेर्ने दृष्टि पुराना दलहरूको तुलनामा अझ पूर्ण निषेधित र निरङ्कुश छ । उक्त पार्टी एक वर्ष पुगेको अवसरमा आयोजित पत्रकार भेलामा अध्यक्ष रवि लामिछानेको गर्जन यस्तो छ– तपाईंहरू सङ्गठन बनाउने झमेलामा नलाग्नुहोस्, तपाईंका यावत् मुद्दाहरू हामी रास्वपाको संरचनाभित्रैबाट सम्बोधन र समाधान गर्छौं । पुराना दलहरूले जनवर्गीय सङ्गठनहरूको स्वहरण, क्षतविक्षत र पखेटा कुजो बनाए तापनि सङ्गठनको अस्तित्वलाई नकार्न सकेका छैनन् । रास्वपाले जनवर्गीय सङ्गठनहरूको अपरिहार्यतालाई बुझ्न नसक्नु र निषेध गर्नु मुलुककै लागि दुर्भाग्य हो । यो भनेको नवोदित रास्वपाको विनाशको सङ्केत हो । निरीह किसान, मजदूर, दलित, महिला आदि शोषित पीडितहरूलाई वर्गीय सङ्गठन नबनाउन उपदेश दिने रास्वपा पूँजीपति वर्गको नेतृत्व गर्ने नेपाल उद्योग सङ्घ, नेपाल व्यापार सङ्घ, नेपाल उद्योग परिसङ्घ, बैंकर्स एशोसिएशन जस्ता मालिक सङ्गठनहरूलाई विघटन गर्ने उपदेश दिने हैसियत राख्छ कि मौन बस्छ हेर्न बाँकी छ । अहिलेसम्मको अभिव्यक्तिबाट रास्वपा विश्व पूँजीपति क्याम्पको दलाल हो भन्ने पुष्टि हुन्छ । उसले अनजानमा यी अभिव्यक्ति दिएको हो भने सार्वजनिक माफी माग्नुपर्छ ।

रास्वपाले पुराना दलहरूको पदचिह्नमा हिंड्न छाड्नुपर्छ । जस्तैः सांसदले विकासको नाममा लिने गरेका रु पाँच करोड त्याग्न सक्नुपर्छ र सांसदहरूलाई निर्माण ठेकेदार बनाउनु गलत कार्य हो । यो विकास निर्माण कार्य स्थानीय निकायको हो । यो पार्टीले रकम स्वीकार गर्छ कि अस्वीकार गर्छ हेर्न बाँकी छ । अन्यथा उसमाथिको हाल प्राप्त जनसमर्थन खस्कने निश्चित छ । अतः अहिलेको जनसमर्थन चियाकपभित्रको आँधीबेहेरी साबित हुने छ । रास्वपाले जनवर्गीय सङ्गठनलाई हेर्ने दृष्टिकोण र अन्य गलतीहरूलाई सुधार गरेन भने "दिउँसो तेल नखाने, राति कोल चाट्ने" उखान उसमा चरितार्थ हुनेछ ।

हामीहरूबीच जनवर्गीय एवं पेशागत सङ्गठनलाई हेर्ने तीन प्रकारका दृष्टिकोण पाइएका छन् । १) जनवर्गीय सङ्गठनको अस्तित्व नकार्ने रास्वपा २) सङ्गठनको स्वहरण गरी त्यसलाई भजनमण्डलीमा परिणत गर्ने पुराना दल र ३) स्वतन्त्र, एकल जनवर्गीय सङ्गठनको पक्षमा उभिनेहरूसँग मतैक्य राख्ने यो रचनाकार । मुलुकले विगत ३५ वर्षमा समयसापेक्ष उन्नति गर्न नसक्नुका दर्जनौं कारण होलान् । नीतिगत भ्रष्टाचार पनि गतिलो कारण हो । तर यी सबै गौढ कारण हुन् । लोकतन्त्रमा जनवर्गीय सङ्गठनको अस्तित्व नकार्ने, स्वहरण र तिनको पखेटा कुजो पार्नु एकमात्र प्रधान कारण हो ।

जनवर्गीय सङ्गठन र भ्रातृ सङ्गठनबीचको भिन्नता नबुझ्नेसम्म पठित वर्ग पनि अलमलमा परेका छन् । २०३६ सालमा स्थापित नेराशि सङ्गठन नेपालको एकमात्र जेठो र स्वतन्त्र पेशागत वर्गीय सङ्गठन हो । २०३६ देखि २०४६ सालसम्म एक दशक यो सङ्गठनको स्वर्णिम कालखण्ड रह्यो, यो स्वर्णिम कालखण्डभित्र काम गर्न अवसर पाएका यावत् शिक्षकहरू आफूलाई गौरवान्वित सम्झन्छन् । बहुदलको पुनर्स्थापनापछि जन्मेका वा जन्माइएका मूल सङ्गठनबाट चोइटिएर जन्मेका जे जति नामधारी जनवर्गीय सङ्गठनहरू छन्, तिनीहरूको स्वतन्त्र हैसियत छैन । ती विभिन्न दलका भ्रातृ सङ्गठनको हैसियत मात्र राख्छन् । किसान, मजदूर, शिक्षक, विद्यार्थी, दलित आदी स्वतन्त्र सङ्गठनहरूले संविधानतः एक/एक वटाले मात्र राष्ट्रिय रूपको वैधानिक र कानूनी मान्यता पाउनुपर्छ । यसो नगरिएको खण्डमा हाम्रो लोकतन्त्रको विगत ३५ वर्ष खेर गएझैं यस्तै भइरहेमा आगामी ३५ वर्ष पनि मुलुकले सुशासन, समुन्नति र शान्तिको राग अलापेरै बित्नेछ ।

**स्वतन्त्र जनवर्गीय सङ्गठनहरूको लोकतन्त्रमा अपरिहार्यताबारे थप प्रसङ्ग**

नेपालका तीन करोड जनतामध्ये सबै दलका कार्यकर्ता मिलाउँदा कार्यकर्ताको कुल सङ्ख्या बढीमा ३०–४० लाख हुन सक्लान् र तिनीहरू राजनीतिक माहोलमा मात्र परिचालित छन् । जनसङ्ख्याको ठूलो हिस्सा निष्क्रिय छन् र तिनीहरू पाँच वर्षे आवधिक निर्वाचनमा मतदानको समयमा एक दिन सक्रिय हुने मौका पाउँछन् तर जनवर्गीय सङ्गठनहरूले विविध वर्ग, पेशाका मुलुकभरिका बाल–वृद्ध, महिला–पुरुष, शहरी–ग्रामीण, दलित, सबै धर्मावलम्बीलगायत तीन करोड जनतालाई यो वा त्यो साङ्गठनिक कार्यमा सदाकाल चलायमान राख्छन् । यस अर्थमा पनि सफल लोकतन्त्रको निमित्त जनवर्गीय सङ्गठनहरूको सक्रिय भूमिका अनिवार्य छ, अपरिहार्य छ । जनवर्गीय सङ्गठनहरूको स्वतन्त्रता दलीय तानाशाहीले गर्दा हाल अपहरित अवस्थामा छ अर्थात् लोकतन्त्ररूपी चराको एउट पखेटाका सबै प्वाँख उखलिएको अवस्थाको छ । तिनीहरूलाई पखेटा काटिएको जटायूको अवस्थामा पुऱ्याइएको छ । जसले गर्दा यातायातको सञ्जाल पुगेको चितवन जस्तो जिल्लाका सचेत कृषक हरू पनि आआफ्ना जायज मागहरू लिएर जोडदार आन्दोलन गर्ने हैसियतमा छैनन् । ती किसानले मिहेनत गरी पसिना बगाएर उत्पादन गरेका तरकारी, दूध सडकमा फ्याँक्न बाध्य छन् । यसको एकमात्र कारण स्वतन्त्र जनवर्गीय सङ्गठनको अस्तित्वहरण हुनु हो । निरङ्कुश पञ्चायतकालमा एउटै नेराशिक्षक सङ्घले पञ्चायतलाई घुँडा टेकाएर आफ्ना मागहरू पूरा गराएको इतिहास साक्षी छ । शिक्षक सङ्गठनलगायत सम्पूर्ण जनवर्गीय सङ्गठनहरू आआफ्नो अनुकूलको राजनीतिक दलहरूको अरौटेभरौटे भजनमण्डलीमा परिणत छन् । यसबाट नाम मात्रका सबै जनवर्गीय सङ्गठनले नेपाल बार एशोसिएशनको सङ्गठनात्मक ढाँचाबाट शिक्षा ग्रहण गरौं, स्वतन्त्र बनौं र फुटेर होइन सङ्गठित भएर एउटा सङ्गठन निर्माणमा जुटौं । यसले गर्दा साङ्गठनिक खर्चसमेत कम हुन्छ । जनवर्गीय सङ्गठनभित्र वैचारिक प्रतिस्पर्धा कायम हुन्छ । यो नै लोकतान्त्रिक अभ्यास हो ।

मुलुक तेस्रो र अन्तिम जनआन्दोलनको पर्खाइमा छ । पहिलो जनआन्दोलन २०४६ सालमा भयो । यसले बहुदलीय प्रजातन्त्रको पुनर्स्थापना गऱ्यो । दोस्रो जनआन्दोलन २०६२/६३ मा भयो र त्यसले लोकतन्त्रको स्थापना गऱ्यो । कुशल राजनीतिक नेतृत्वको अभावमा ती दुवै आन्दोलनले पनि ऐतिहासिक जिम्मेवारी पूरा गर्न सकेनन् । भारत, चीन, भियतनाम, दक्षिण अफ्रिकामा एउटै क्रान्ति पर्याप्त भयो र मुलुकलाई दिशाबोध गरिरहेको छ । ती मुलुकलाई नेपालमा जस्तो पटकपटक थप क्रान्तिको जरुरी परेन । यसको कारणमा ती देशका क्रान्तिकारीले आफ्नै देशलाई आधारभूमि बनाए, क्रान्तिको लगाम आफ्नै मुठीमा राखे, क्रान्तिको स्वरूप पनि आफैंले निर्धारण गरे । जस्तैः भारतमा गाँधीको नेतृत्वमा अहिंसक सत्याग्रह, चीनमा माओत्सेतुङको नेतृत्वमा सशस्त्र किसान आन्दोलन, नेपालमा भने २००७ देखि २०६३ सालसम्मका सबै आन्दोलनका निर्णयहरू विदेशी भूमिमा, विदेशीको इशारामा सञ्चालित रहे । जसले गर्दा ती परिवर्तनले नेपालीको अपनत्व पाएनन् र असफल सिद्ध भए ।

अबको क्रान्ति मतदाताहरूको नेतृत्वमा निर्णायक एवं अन्तिम तेस्रो आन्दोलन हुनेछ । मतदाताले विगतको गलती दोहोऱ्याउनेछैनन् । हाम्रोलाई होइन राम्रोलाई छान्नेछन् । मतदाताको जिम्मेवारी मतदान गर्ने काम मात्र होइन, निरन्तर आफूले चुनेका प्रतिनिधि र सम्बद्ध दललाई खबरदारी पनि गरिरहनुपर्छ । निरन्तर खबरदारीको लागि मतदाताहरूले आआफ्नो क्षेत्रमा सतर्कता समूहको अभ्यास थाल्नु उचित हुनेछ । यसैको नाम हो ब्यालेट क्रान्ति, नौलो प्रयोग ।

# देशैभर मनसुनी वर्षा

काठमाडौं, ८ भदौ/रासस

हाल मनसुनको न्यूनचापीय रेखा सरदर स्थानभन्दा उत्तरमा अवस्थित छ । साथै नेपालमा हाल भारतको उत्तर प्रदेशको उत्तरपूर्वी भूभागमा अवस्थित न्यूनचापीय क्षेत्रको समेत प्रभाव रहेकाले देशका अधिकांश स्थानमा वर्षा भइरहेको जल तथा मौसम विज्ञान विभाग मौसम पूर्वानुमान महाशाखाले जनाएको छ ।



आज देशभर सामान्यदेखि पूर्ण बदली रही कोशी, मधेस, बाग्मती, गण्डकी, लुम्बिनी र कर्णाली प्रदेशका थोरै स्थानमा हल्कादेखि मध्यम वर्षा भएको छ । महाशाखाका अनुसार दिउँसो देशभर सामान्यदेखि पूर्ण बदली भएको छ । कोशी, मधेस, बाग्मती, गण्डकी र लुम्बिनी प्रदेशका केही स्थान र बाँकी प्रदेशका थोरै स्थानमा हल्कादेखि मध्यम वर्षा भएको छ ।

शनिवार दिउँसो देशभर आंशिकदेखि सामान्य बदली रही कोशी, बाग्मती र गण्डकी प्रदेशका केही स्थान र बाँकी प्रदेशका थोरै स्थानमा हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको छ । कोशी र मधेस प्रदेशका एक/दुई स्थानमा मेघगर्जन, चटयाङसहित भारी वर्षाको समेत सम्भावना रहेको छ ।

# जीतपुरमा महावीरी झन्डा मेला

प्रस, पर्सागढी, ८ भदौ/

जीतपुरसिमरा उपमहानगरपालिका–७ तरकारी बजारमा वडा कार्यालयको सहयोगमा शुक्रवार महावीरी झन्डा मेला लागेको छ ।

प्रत्येक वर्ष साउने नवमीको उपलक्ष्यमा लाग्दै आएको मेला यस वर्ष पनि लागेको वडाध्यक्ष सुनील गुप्ताले बताए । उनले मेलाको आयोजना मेलमिलापसँग पनि जोडिएको बताए । मनोरञ्जनका साथै मेलाले आपसी मिलाप र मानसिक तनावमुक्त गर्न सहायक हुने बताए ।

उनले मेलामा खेलतमाशा, कुश्ती प्रतियोगिता, नाँच, झाँकी प्रदर्शन गरिने बताए । मेला आयोजना अघि मोटरसाइकल ऱ्याली निकालिएको मेला समितिका संयोजक सञ्जय साहले बताए ।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

# वाटिका

वर्ष ३७ | २०८० भदौ ०९ गते शनिवार | 2023 August 26 Saturday



## त्यो धन्य पलको साक्षी

हरेक दिन इतिहास हो, हरेक क्षण इतिहास हो तर कुनै पल यस्तो भइदिन्छ, जुन न भूतो हुन्छ र न त भविष्यन्ति हुने सम्भावना रहन्छ । भविष्यमा त्यही वा त्यस्तै घटना दोहोरिन्छ भने पनि त्यो दोस्रो मानिन्छ। यस अर्थमा पहिलो घटना स्वाभाविकरूपमा त्यस्तो ऐतिहासिक घटना हुन्छ, जहाँबाट इतिहास शुरू हुन्छ। र जीवनमा कतिपय यस्ता ऐतिहासिक क्षण जुन विश्वकै लागि पनि गर्व गर्न सकिने ऐतिहासिक बनेको हुन्छ, त्यस्ता क्षणको साक्षी बन्न पाउने अवसर आएको हुन्छ । कतिपयले अवसरलाई बुझ्छन् र कतिपयले यसलाई महत्त्व दिएका हुँदैनन्। म यसपटक बुझ्नेलाई श्रीखण्डजस्तो बुझक्कड बनी महान् अवसरलाई खुर्पाको बिंड साबित हुन दिइनँ, कम्तीमा मेरोलागि।

४० दिनदेखि नै समाचार हेरिरहेको थिएँ । उसो त समाचार नहेरेको दिन हुँदैन । मोबाइल एपमा होओस्, घरमा हरेक दिन आइपुग्ने अखबारमा होओस् वा कम्प्युटरमा होओस्, हरेक दिन कैयौंपटक समाचार हेर्ने बानी परिसकेको छ । कतिपय लेख–विचारहरू पनि अक्षरशः यसैगरी पढ्ने गरेको छु । साहित्य र साहित्यका कुरा पढ्ने एउटा माध्यम यो पनि भएको छ। पढ्ने बानी भएपछि अलिकति फुर्सद भयो कि सबैभन्दा पहिले दिमाग यसैमा जान्छ– के छ अपडेट ? वा, नयाँ केही आयो कि ? यस जिज्ञासाले गर्दा निरन्तर उत्सुक रहनु ममा भएको एउटा रोग हो ।

जब चन्द्रयान–३ ले इसरोबाट लक्ष्यतर्फ यात्रा शुरू गरेको समाचार हेरेको थिएँ टेलिभिजनमा, तबदेखि हरेक दिन कमसेकम एक घण्टा यस विषयमा दिइएका समाचारहरू हेर्न थालें । हिन्दी अनलाइनहरूमा पनि यस विषयमा आएका समाचारहरूमा ध्यान दिन थालें। यस अभियानसित सम्बन्धित खबरहरू कहिलेकाहीं नआउँदा वा आएको भएपनि धरतीवासीले पाइसकेका हुने थिए । चन्द्रमाको बारेमा धेरै मिथक हराइसकेका हुन्थे वा नयाँ मिथकजस्ता लाग्ने यथार्थहरू आइसकेका हुन्थे। अहिले जब चन्द्रयान–३ ले काम गरिरहेको छ र अहिले जुन


स्वान्त सुखाय:



सञ्जय मित्र

mitrasanjay41@gmail.com


काम गरिरहेको छ । यदि चन्द्रयान–२ सफल भएको भए अहिले चन्द्रयान–३ ले पहिलेको सफलताभन्दा अर्को किसिमले नयाँ जिम्मेवारीका साथ काम गरिरहेको हुन्थ्यो होला। वा चन्द्रयान–३ को ठाउँमा इसरोले अर्को किसिमको यान पठाउँथ्यो होला । यस्ता अनुमानहरू मनमा उब्जिरहेका थिए, उम्रिरहेका थिए ।

भाषा र साहित्यमा मेरो रुचि छ नै। भूगोल र विज्ञान र संस्कृति तथा दर्शनका रहस्यका बारेमा पनि मलाई जिज्ञासा रहन्छ। यस कारण अलिकति सामग्रीहरू पाएसम्म पढिरहन्छु। मरिहत्ते गरेर त खोज्दिनँ तर पाएका सामग्री अध्ययन गर्ने वा हेर्ने गरेको हुन्छु। अहिले चन्द्रयानको यात्रा जारी रहँदा सबै किसिमका रुचिभन्दा मूल रुचिको केन्द्र यही अभियान हुन पुगेको थियो ।

२३ अगस्त २०२० अर्थात् ६ भदौ २०८० का दिन भारतीय समय अनुसार साँझ ६ बजेर ४ मिनेटको समयमा चन्द्रयान–३ चन्द्रमाको दक्षिणी ध्रुवमा अवतरण गर्ने खबरले उत्सुकता बढाएसँगै त्यो पलको साक्षी बन्नुपर्छ भन्ने मलाई परिसकेको थियो। यसो हेर्दा समय पनि अनुकूल नै थियो । कार्यालयको समय भएको भए सम्भव हुने थिएन। साँझको समय भएको हुँदा यस दिन कतै जान उत्सुकता थियो । समय घर्किंदै जाँदा प्रत्यक्ष प्रसारण गरिरहेका टेलिभिजनका प्रस्तोताहरूका प्रस्तुतिकलाले झन् उत्सुकतालाई उत्कर्षतिर लगिरहेका थिए। अधिकांश टेलिभिजनले आफ्ना उत्कृष्ट प्रस्तोताहरूलाई इसरोको कार्यक्रमको प्रस्तुति गर्न लगाएको जस्तो लागिरहेको थियो। डेढ सय मिटर मात्र चन्द्रमाभन्दा टाढा रहँदा चन्द्रयान–३ करीब १७ सेकेन्डको लागि पूर्णतया रोकिने भनिएको थियो। वैज्ञानिकहरूले पहिले नै भनेकै जस्तै सीधा र छड्के तथा गतिसमेतमा चन्द्रयान–३ माथि पूर्ण नियन्त्रण भएको प्रसारण भइरहेको थियो । भारतीय वैज्ञानिकहरूले देखाइरहेका चमत्कार अद्भुत थियो । हेर्दाहेर्दै सबै प्रक्रिया पूरा गरेर चन्द्रयान–३ चन्द्रमामा सफलतापूर्वक सफ्ट ल्यान्डिङ अर्थात् अवतरण गर्‍यो। लाइन झ्याप्प भएन । सम्पूर्ण दृश्य हेरिरहँदा कताकता अत्यन्त धेरै गर्वको अनुभूति भइरहेको थियो ।

कुनै दिन तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला र तत्कालीन विद्रोही नेता पुष्पकमल दाहाल प्रचण्डबीच शान्ति सम्झौता भइरहँदा नेपाली टेलिभिजनहरूले प्रत्यक्ष प्रसारण गरेका थिए र त्यसको पनि प्रत्यक्षदर्शी थिएँ । सम्झौतामा हस्ताक्षर हुँदै गर्दा निकै गर्वको अनुभूति भएको थियो र शान्तिको लामो सास फोक्सोले हुलेको थियो, त्यस ऐतिहासिक क्षणलाई स्वागत गर्दै। नेपाल अब पुनः शान्तिको देश भयो भन्ने आभास भएको थियो ।

पहिलेदेखि नै विश्लेषणहरू आइरहेका थिए, यदि सफलतापूर्वक अवतरण भयो भने दक्षिणी ध्रुवमा चन्द्रयान उतार्ने भारत पहिलो देश बन्नेछ। यसअघि अमेरिका, रूस र चीनले चन्द्रमामाथि विजय गरिसकेका छन् । चन्द्रमाको छातिमाथि हस्ताक्षर गर्ने भारत चौथो देश बन्नेछ समग्रमा । र यी सबै ऐतिहासिक क्षण



आफ्नो अनुकूल समयमा हेर्न नपाउँदा आज थप के आयो होला भन्ने मनमा उत्सुकता भइरहेको हुन्थ्यो । मनमा निरन्तर उत्सुकता रहिरहेको थियो ।

के होला ? कसरी होला ? आदि जिज्ञासा निरन्तर मनमा आइरहेको थियो। चन्द्रयान–२ को खबरलाई पनि बेलाबेलामा विभिन्न सञ्चारमाध्यमले दिइरहेको थियो । त्यो किन असफल भयो ? त्यस असफलताबाट इसरोले के सिक्यो ? यसपटक सफल नै हुन्छ भन्ने पक्षमा के कस्ता आधारहरू छन् ? आदिबारे पनि निकै रोचक जानकारी आइरहेका थिए। यद्यपि चन्द्रयान–२ को प्रक्षेपणाको समयमा पनि मैले निकै उत्सुकतापूर्वक समाचारहरू हेरेको थिएँ। चन्द्रयान–२ सफल भएको भए के हुन्थ्यो ? अहिलेसम्म चन्द्रमाबारे धेरै जानकारी नपरोस्, अपर्झट कुनै काम नपरोस् भन्ने कामना मनमा भइरहन्थ्यो । तर 'जब पर्‍यो राति अनि बूढी ताती' भनेजस्तो हुन पुग्यो । साँझ ढल्किंदै जाँदा एउटा सानो कामले चोकमा जानै पर्ने भयो । वास्तवमा म नजाँदा पनि हुने नै थियो र पुगेर पनि पाँच मिनेटभित्रै भइसक्नुपर्ने काम थियो। तर उही त हो, पुगेपछि भलाकुसारी, औपचारिकता तथा अरूलाई पालो दिनुपर्ने बाध्यताले गर्दा समय घर्किन थाल्यो । टेलिभिजनहरूले करीब एक घण्टा समय बाँकी देखाइरहँदा पाँच मिनेटको लागि भनेर निस्केको म घर आइपुग्दा आधा घण्टाभन्दा अलिक बढी समय देखाइरहेको थियो, लाइभ टेलिभिजनले ।

अब बिजुली जाने त्रासबाहेक आँखा र मन तथा मस्तिष्कभरि उत्सुकतै एकसाथ भइरहेका थिए । अवतरणको बेला इसरोका वैज्ञानिकहरूले जुन दृश्य हेरिरहेका थिए, आफ्नै परिश्रमले आफ्नो देशलाई चन्द्रमामा पुर्‍याइरहेका थिए र सोही दृश्यको, सोही पलको साक्षी बन्न दुनियाँलाई अवसर दिएका थिए, तब आफ्नै घरमा बसीबसी किन उक्त ऐतिहासिक पलको साक्षी नबन्ने ?

विश्वको लागि अत्यन्त महत्त्वपूर्ण ऐतिहासिक क्षण बनिरहेको त्यो पललाई प्रत्यक्ष प्रसारणमार्फत हेर्न पाएकोमा त्यस बेलादेखि झन् गर्वानुभूति हुन थाल्यो, जब विश्वका ठूला व्यक्तित्व तथा संस्थाहरूले उक्त सफलताको लागि बधाई दिन थाले। उक्त पललाई अपलक हेर्नेहरूले आफूलाई धन्य भन्न थाले अनि मैले पनि 'त्यो धन्य पलको साक्षी म पनि हुँ' भनी सदाको लागि भन्न पाउने एउटा गर्वोक्ति प्राप्त गरें ।

## सङ्घर्षशीलका लागि हरेक बाधा मार्ग बन्छ

"फेरि कहाँ आउँछ र यो बालपनको उमेर...,
केही छैन चिन्ता केही छैन पीर,
खुला अकाशको पक्षीझैं घुम्छु चारैतिर..."

उपरोक्त गीतझैं उनको बालपन थियो। समयको प्रवाहसँगै उमेर, शारीरिक बनावट, पहिरन, शिक्षा, ज्ञान र अनुभव आदि घडीको सुईझैं गतिमान थियो । जीवनयात्रामा वैवाहिक घुम्ती आयो। पञ्चेबाजाको ध्वनि गुञ्जायमान भयो । रातो सारी, सिउरोमा सिन्दूर, हातमा मेहदी तथा चुरा, गलामा मङ्गलसूत्र तथा पोते र मुहारमा मधुर मुस्कानसहित पतिको घर प्रस्थान गरिन्।

विवाहपश्चात् माइती, दिदीबहिनी, दाइभाइ तथा साथीसङ्गीहरूको सानिध्य छुट्यो । बरहथवा बजारको पकौडा, चटपटे, पानी पुरी र सेवईको स्वादसँगै अनेकौं सुमधुर पलहरू स्मृतिपटलमा सजाएर वैवाहिक जीवनयात्रा शुभारम्भ भयो ।

आजको आलेखमा एक महिलाको सङ्घर्षका कथाहरू समेटिएको छ। उनी आफ्नो व्यवसायसँगै सामाजिक सेवालाई सर्वोपरि ठान्छिन् । व्यवसायबाहेकको समय विभिन्न सङ्घसंस्थामा आबद्ध भएर सेवाप्रवाह गरिरहेकी छन् । विभिन्न सङ्घसंस्थाद्वारा प्राप्त सम्मानले उनमा जिम्मेवारी र ऊर्जा थप भएको बताउँछिन्। घरमा प्रायःजसो भवगती नामले सम्बोधन गरिने सौन्दर्यकर्मी ओमकुमारी शर्माको सङ्घर्षपूर्ण जीवनयात्रा ।

हामी पतिपत्नी निजी विद्यालयमा शिक्षण पेशामा थियौं। त्यति बेला ग्रामीण क्षेत्रमा अङ्ग्रेजी माध्यमका विद्यालयहरू खासै थिएनन् । हामीले होस्टलको सुविधासहित आफ्नै बोर्डिङ स्कूल खोल्ने अठोट गर्‍यौं। अन्ततः सङ्कल्प पूरा भयो। कक्षा पाँचसम्म थियो। शिक्षक, विद्यार्थी, अभिभावक र स्थानीयवासीहरूको साथ सहयोगले विद्यालय राम्रोसँग सञ्चालन भइरहेको थियो । खान, लाउन समस्या थिएन । झन्डै पाँच वर्षपछि गृहनगर नेपालगंज फर्किनुपर्ने बाध्यता आइपर्‍यो। परिश्रम गरेर खडा गरेको विद्यालय बिक्री गर्नुको विकल्प थिएन ।

छोराछोरीसहित हाम्रो जीवनयात्रा नेपालगंज अग्रसर भयो । नेपालगंजको धर्तीमा बेरोजगार जीवनशैली प्रारम्भ भयो। आम्दानीको स्रोत थिएन। समय बित्दै गयो र बचत गरेको पैसा खर्च हुँदै गयो । पैसा बिस्तारै सकिन थाल्यो । केही समयपछि पति निजी विद्यालयमा र म गैरसरकारी संस्थामा काम गर्न शुरू गर्‍यौं। न्यून तलब थियो। घरखर्च धान्न कठिन थियो । 'आम्दानी अठन्नी र खर्चा रुपैयाँ'को अवस्था थियो । नेपालगंजमा रोजगारका बृहत् विकल्प थिएनन्। के गर्ने ? कसो गर्ने ? भन्दै हामीबीच विमर्श भयो र वीरगंज फर्किने निधो गर्‍यौं। नेपालगंज गएको दुई वर्षपछि वीरगंज फर्कियौं। खल्ती रित्तो थियो। बस्ने कोठा, भाँडाकुँडा, खाद्यान्न र बच्चाहरूलाई विद्यालयमा भर्ना आदि अनेकथरी बन्दोबस्त गर्नुपर्ने भयो। पुनः बोर्डिङ स्कूल सञ्चालन गर्ने आर्थिक क्षमता थिएन।

जसोतसो गरी बच्चाहरूको भर्ना वीरगंजको एक विद्यालयमा गराइयो । पतिले एक निजी विद्यालयमा जागीर पाए । केही महीनापछि म पनि अर्को निजी विद्यालयमा पढाउन थालें। तलब रु तीन हजार प्रतिमहीना पाउँथें । परिश्रमको तुलनामा तलब न्यून थियो। विद्यालय प्रशासनसँग तलब बढाउने अनुरोध गरें । सुनुवाइ भएन । अन्ततोगत्वा, जागीर छाडें।

आफूले गर्न सक्ने पेशा, व्यवसाय गर्न चाहन्थें। तर सोको लागि सीप र पैसा दुवै आवश्यक थियो। केवल पतिको आयस्रोतले जीवनयापन सङ्घर्षपूर्ण


सरोकार



राजेश मिश्र

rajesh560107@gmail.com


थियो। म यस्तो व्यवसाय गर्न चाहन्थें, जो कम लगानी र व्यक्तिगत परिश्रममा आधारित होस्। तर कुन प्रकृतिको उद्यम गर्ने भन्ने प्रश्न टड्कारो थियो ।

सिलाइकटाइ र सौन्दर्यसम्बन्धी अल्प ज्ञान व्यावसायिक दृष्टिकोणले पर्याप्त थिएन। केही साथीसङ्गीहरूले शृङ्गारको मामिलामा उनीहरूभन्दा मलाई राम्रो जानकारी रहेछ भन्दै हौंस्याउँथे। यद्यपि व्यावसायिक सेवाको लागि तालीम र दक्षता आवश्यक थियो। टेलरिङ र सौन्दर्यमध्ये कुन पेशा ठीक होला भन्ने सोच्न थालें । तर एक सामान्य घटनाक्रमले मेरो निर्णय सौन्दर्य पेशातर्फ एकोहोरियो ।

त्यो घटना के थियो भने एकजना आफन्त महिलाले शृङ्गारसम्बन्धी जानकारी हेतु मसँग जिज्ञासा प्रकट गरिन्। मैले आफूलाई जति थाहा छ, त्यति बताउने कुरा गरें । उनैलाई सिकाइरहेकी थिएँ। ती महिलाभन्दा पनि अन्यजनबाट विविध प्रकारका आलोचना र टीकाटिप्पणी सुन्नुपर्‍यो। यी कुराहरूले मनमा हठ पैदा भयो । सौन्दर्य विद्यामा दक्षता प्राप्त गर्ने दृढता जागृत भयो । पैसाको अभाव मेरो आकाङ्क्षामा अवरोध बन्न सकेन । पैंचोसापट गरेर सौन्दर्य विद्यामा व्यावसायिक तालीम लिएँ।

तालीम लिइसकेपछि व्यवसाय सञ्चालन गर्ने रहर उत्पन्न भयो। तर पैसा कहाँबाट आउँछ ? भन्ने प्रश्नले गिज्याइरहेको थियो । एक दिन बिहान स्नानध्यानपश्चात् ऐनाअगाडि उभिएर आफूलाई शृङ्गारिरहेकी थिएँ। अचानक कानमा ध्यान गयो । पङ्खाको हावाले झुम्का हल्लिरहेको थियो । मेरो नजर झुम्कामा केन्द्रित भयो । आश्चर्यजनक खुशीले आँखा रसायो। कहिलेकाहीं कस्तो अचम्म हुँदोरहेछ भने जुगाड आफैसँग हुन्छ, तर हतपती ध्यान जाँदैन । मैले सोचें, ओहो ! आर्थिक सङ्कटको समाधान आफ्नै कानमा पो रहेछ। अन्ततः झुम्का बिक्री गरें। यद्यपि त्यो पैसा व्यवसायको लागि पर्याप्त थिएन। तर आफूसँग जति आर्थिक स्रोत थियो, त्यतिमैं व्यवसाय सञ्चालन गर्ने अठोटका साथ विसं २०६४/६५ ताका व्यावसायिक यात्रा शुरू गरें ।

वीरगंजको रानीघाटमा प्रतिमहीना रु एक हजारमा कोठा भाडा लिएँ । अनिवार्य उपकरण र सौन्दर्य प्रसाधन खरीद गरें । पहिलो महीना बढीजसो सेवाग्राही चिनजानका महिला साथीहरू थिए। पहिलो महीना साढे चार हजारको कारोबार गरें। कोठा भाडा, विद्युत् र सौन्दर्य प्रसाधन आदिको खर्च छुट्याएँ। न्यून बचत भयो । यद्यपि आफैंले खडा गरेको व्यावसायिक यात्रा अति हर्षवर्द्धक थियो । बिस्तारै व्यवसाय गतिमान हुन थाल्यो । सन्तुष्ट सेवाग्राही महिला साथीहरूले अरू साथी लिएर आउँथे वा पठाउँथे । केही समयपछि सौन्दर्य विद्यासम्बन्धी तालीम दिन थालें। थप उपकरण खरीद गरें। तलब सुविधासहित व्यावसायिक सहयोगी राखें । औंठी समारोह, विवाहलगायत समारोहहरूमा दुलही सजावटको कार्यले व्यावसायिक यात्रा उन्नतिपूर्ण थियो । हाँसीखुशी जीवनयात्रा जारी थियो ।

विसं २०७२ को कुरा हो । वीरगंजलगायत देशका विभिन्न भूभागमा भूकम्प र परकम्पहरूले जनजीवन त्रासदीपूर्ण थियो । त्यसै बेला जीवनयात्रामा भुइँचालोभन्दा भयावह बज्रपात पर्‍यो । जीवनरथका दुई पाङ्ग्रामध्ये एउटा ध्वस्त भयो ।

दैवको लीलाको अगाडि कसको के लाग्छ र ! बाल्यकालमा हिन्दी फिल्म



सौन्दर्यकर्मी ओमकुमारी शर्मा

जञ्जीर हेरेर अति भावुक भएकी थिएँ। वास्तविक जीवनमा फिल्मझैं घटना घटित होला भन्ने त्यतिखेर शून्य कल्पना थिएन। जीवनयात्रामा बज्रपातरूपी घुम्तीले अँध्यारो छायो । दुईजना सन्तान र घरव्यवहारको पूर्ण जिम्मेवारी काँधमा आइपर्‍यो। छोराछोरीको पठनपाठन र घरव्यवहारको सम्पूर्ण भार दुई काँधबाट एक काँधमा सीमित भयो। पतिको देहावसानसँगै चुनौतीपूर्ण जीवनयात्रा प्रारम्भ भयो। त्यति बेला जीवनयात्राको अत्यन्तै मार्मिक र दुःखद घुम्तीमा थिएँ।

पतिको देहावसानको खबर सुनेर आफन्तजन वीरगंज आउनेक्रम जारी थियो । म किरियापुत्री बसेकी थिएँ । नानाथरीका शब्द र स्वरहरू कानमा ठोकिन्थ्यो। मेरो अर्को बिहे गर्नेसम्मको कुरा आयो। घाउमा नून हाल्ने स्वरहरूले बन्चरो हानेझैं हृदयमा आघात पुगिरहेको थियो । मेरो र बच्चाहरूको आगामी यात्रापथमा साहस र हिम्मत प्रदान गर्ने स्वरहरू सुन्न पाइनँ। छोरी कक्षा १२ र छोरा कक्षा १० अध्ययनरत थिए। आम मनोविज्ञान बुझ्ने उनीहरूको उमेर भइसकेको थियो। एक दिन छोरीले भनी, "मामु, सबैको कुरा सुन्नुहोला, तर भविष्यको लागि जुन निर्णय उचित हुन्छ, त्यही गर्नुहोला ।"

नश्वर शरीर पञ्चतत्त्वमा विलीन भइसकेपछि कहिल्यै फर्केर आउँदैन । प्रकृतिप्रदत ध्रुवसत्य स्वीकार गर्नुको विकल्प थिएन । समय बित्दै गयो । विभिन्न परिस्थितिसँग जुध्दै जीवनयात्रा जारी छ। आफ्नै उद्यमबाट चुलोचौको चलिरहेको छ । स्नातकोत्तर पढेकी छोरीको गत वर्ष विवाह गरें । हाल छोरी–ज्वाइँ अमेरिका बस्छन् । छोरा भारतको बैंगलोरमा जागीर गरेर सोही आम्दानीले ग्राफिक्स डिजाइन पढिरहेको छ ।

आन्दोलन र कोरोनाकालजस्ता विपत्तिसँग पनि साक्षात्कार भयो । व्यवसाय ठप्प थियो। सौन्दर्य पेशा झन् सङ्कटमा थियो । यद्यपि कुनै पक्षलाई सौन्दर्यकर्मीहरूको सङ्कट दृष्टिगत भएन। वीरगंजबाट प्रकाशित मध्यनेपाल

(बाँकी पाँचौं पाता)

# दी अमेरिकन लाइफ–४६

**भेन्डिङ मेशीन**

अमेरिकी जीवनशैलीको चर्चा गर्ने हो र बिक्री–मेशीन (Vending Machine) को चर्चा नगर्ने हो भने त्यो चर्चा अपुरो मानिनेछ किनभने बिक्री मेशीन अमेरिकी जीवनशैलीको एक अभिन्न अङ्ग हो । अभिन्न अङ्ग यस हुनाले हो किनभने बिक्री मेशीनको प्रयोग अमेरिकामा व्यापकरूपमा हुन्छ । बिक्री मेशीन अमेरिकामा अति लोकप्रिय पनि छ । बिक्री मेशीनको सेवा सर्वसुलभ किसिमले जहाँ पनि उपयोग गर्न सकिन्छ । बिक्री मेशीनबाट ठूलो सङ्ख्यामा सामान खरीद–बिक्री हुन्छ।

बिक्री मेशीन एउटा यस्तो मेशीन हो, जुन स्वयम् सञ्चालित हुन्छ । अर्थात् त्यो मेशीनले नै सामग्रीहरू बिक्री गर्छ। सामानहरू बिक्री गर्नका लागि कामदार राख्नुपर्दैन । यस कारणले गर्दा बिक्री मेशीन जहाँ पनि राख्न सकिन्छ । बिक्री मेशीनबाट जुन समयमा, अति बिहानै वा मध्यरातमा पनि सामान खरीद गर्न सकिन्छ ।

बिक्री मेशीनको आकार प्रायः एउटा दराजजस्तो हुन्छ । त्यसको ढोका सीसाको हुन्छ । ढोका सीसाको भएकोले त्यसभित्र बिक्री गर्नका लागि के के राखिएका छन्– परबाट, बाहिरबाट, सजिलै देख्न सकिन्छ । र साथै सामानको मूल्य पनि हेर्न सकिन्छ । बिक्री गर्न राखिएका हरेक वस्तुको तल वा छेउमा त्यसको मूल्य लेखिएको हुन्छ ।

बिक्री मेशीनबाट सामान खरीद गर्ने खरीदकर्ताले तोकिएको मूल्य बिक्री मेशीनको तोकिएको स्थानमा राखेपछि खरीद गर्ने सामान मेशीनको तल्लो भागमा झर्छ । नगद भुक्तान गरेर वा क्रेडिट कार्ड प्रयोग गरेर खरीद मेशीनबाट सामान



धारावाहिक
विश्वराज अधिकारी
akoutilya@gmail.com

खरीद गर्न सकिन्छ। क्रेडिट कार्ड प्रयोग गरेर सामान खरीद गर्दा तोकिएको स्थानमा क्रेडिट कार्ड राख्नुपर्छ, कुन सामान खरीद गर्न खोजेको हो जानकारी दिनुपर्छ, यति गरेपछि तोकिएको पैसा क्रेडिट कार्डबाट लिएर खरीद मशीनले सामान दिन्छ ।

चकलेट, चिप्स, पेय पदार्थलगायत अन्य विभिन्न सामग्रीहरू बिक्री मेशीनबाट बिक्री गरिन्छ । कुनै विक्रेता नराखेर, चौबीसैं घण्टा नै सेवा दिनुपर्ने स्थिति भएमा, र केवल सामान्य वस्तुहरू मात्र बिक्री गर्नुपर्ने स्थिति छ भने, बिक्री मेशीनको प्रयोग अति लाभदायक हुन्छ । बिक्री मशीन स्वयम् सञ्चालित हुने र जहाँ पनि राख्न सकिने हुनाले उपभोक्ताले जहाँ र जुन समयमा माग गरे पनि सामान उपलब्ध गराउन सकिने हुनाले बिक्री मेशीनको प्रयोग व्यापक किसिमले हुन्छ।

सञ्चालकले बिक्री मशीन खरीद गर्दा केवल एकपटक खर्च (लगानी) हुने र सञ्चालन गर्नका लागि कामदार राख्नु नपर्ने र बढी मानिसको आवागमन हुने स्थान (बसपार्क, रेलवे स्टेशन, पार्क, सिनेमा हल, कलेज, अपार्टमेन्ट, अति व्यस्त सडक, ठूलो भवन) आदिमा राख्न सकिने हुनाले बिक्री मशीनको व्यापार लाभदायक मानिन्छ । साथै रातबिरात, उपभोक्ताले माग गर्नासाथ, माग गरिएको स्थान आदिमा सामग्री उपलब्ध गराउन सकिने हुनाले बिक्री मशीनबाट गरिने व्यापार नाफामूलक मानिन्छ ।

एउटा विक्रेताले १०औंवटा बिक्री मशीन राखेर, बिक्री मशीनहरू जहिले पनि सामानहरूले भरिभराउ पारेर, ग्राहकले जुन समय (रातभरि)मा माग गरेका छन्, सोही समयमा तत्काल सामान उपलब्ध गराएर, सामानको मूल्य सस्तो पारेर, यो व्यवसायबाट राम्रो आम्दानी प्राप्त गर्न सक्छ ।

अमेरिकामा बिक्री मशीनको क्षमता अनुसार विभिन्न मूल्यको बिक्री मशीन खरीद गर्न सकिन्छ । एउटा बिक्री मशीन खरीद गर्दा खरीदकर्ताले तीन हजारदेखि सात हजार अमेरिकी डलरसम्म भुक्तान गर्नुपर्ने हुन सक्छ । महँगो बिक्री मशीनलाई ५० हजार डलरसम्म पनि भुक्तान गर्नुपर्ने हुन सक्छ ।

बिक्री मशीनले अमेरिकामा बिक्री कार्यलाई अति नै सजिलो पारिदिएको छ। साथै उपभोक्ताले माग गरेको जुनसुकै स्थान एवं समयमा वस्तुहरू विनाझन्झट खरीद गर्न सक्ने अवस्था पनि सिर्जना गरिदिएको छ ।

४७

# मूड डिजार्डर अथवा चित्तवृत्ति विकृति–२

पाठकवृन्द, गताङ्कमा मूड अथवा चित्तवृत्ति विकृतिको परिचय, वर्गीकरण र लक्षणहरूबारे हामीले जानकारी पाएका थियौं । आज पालो त्यसको कारण र निवारणको हो । तर त्यसभन्दा पहिले वर्गीकरणमा नअटाएका केही छिटपुट चित्तवृत्ति विकृतिको संक्षिप्त विवेचना गर्न आवश्यक छ, ती चित्तवृत्ति विकृति निम्नलिखित हुन् :



वाटिका
डा शिवशङ्कर यादव
shivshankaryadav3398@gmail.com

**मूडमाथि हार्मोनले निकै प्रभाव पारेको देखिन्छ । थायरायड हार्मोन अधिक भयो भने मानिस बढी गफाडी भएको र कम भएमा एकदम सुस्त:मनस्थितिको देखिन्छ । त्यस्तै, कतिपय चिकित्सकले डिप्रेसनको इलाज टेस्टोस्टेरोनले पनि सफलतापूर्वक गरेको देखिएको छ ।**

**१. मिक्सड एन्जाइटी डिप्रेसिभ डिजार्डर अर्थात् मिश्रित चिन्ता र उदासीको अवस्था :** यसको नामले नै के बुझाउँछ भने यसमा चिन्ता र उदासी दुवै रोगीमा एक साथ हुन्छन् । हामीले चिन्ता र उदासी दुवैलाई एउटै हो जस्तो भनी दिन्छौं तर त्यसो होइन । जब यी दुवै एकसाथ हुन्छन्, तब रोगीको व्यथा र असमर्थता झन् बढी मुखरित हुन्छ ।

**२. मास्क्ड डिप्रेसन अथवा छोपिएको उदासी :** यसमा मूडमा वा अनुहारमा कुनै गडबडी नै देखिँदैन र खाली शारीरिक गडबडी मात्र देखिन्छ । रोगी आएर भन्छ कि मेरो पेट दुखिरहेको छ, टाउको दुखिरहेको छ आदि इत्यादि । खोजी गर्दा चिकित्सकले के पाउँछ भने रोगी त डिप्रेसनको स्थितिमा छ । यहाँ आएर केवल दुखाइको मात्र निदान गरियो भने रोगी ठीक हुँदैन । एन्टिडिप्रेसेन्ट चलाइयो भने पेटको दुखाइ पनि बन्द हुन्छ । यस्ता रोगी मदिरा खान बढी प्रवृत्त हुन्छन् ।

**३. डबल डिप्रेसन अर्थात् दोहोरो उदासी :** यहाँ बुझ्नुपर्ने कुरा यो हो कि यसमा दुईटा डिप्रेसन होइन बरु न्यूरोसिस र डिप्रेसन सँगसँगै छ । यस कारण यसलाई डबल डिप्रेसन भनियो । यो एक्कासि र कडा रूपमा प्रकट हुन्छ र यसको उपचार पनि कठिन हुन्छ ।

**४. एग्रिटेटेड डिप्रेसन अथवा विक्षुब्ध चित्तवृत्ति विकृति :** यसमा रोगीको चित्तमा धेरै खलबली मचेको हुन्छ । यस कारण यसले यो नाम पाएको हो । यो डिप्रेसनको धेरै कडा रूप हो र केवल एन्टिडिप्रेसेन्ट औषधिले मात्र काम गर्दैन । यसको साथमा एन्टिसाइकोटिक औषधि पनि दिइन्छ ।

**५. सिजनल अथवा मौसमी डिप्रेसन :** यो बढी महिलामा हुन्छ । यो यस्तो डिप्रेसन हो, जो हर वर्ष एउटै मौसममा देखिन्छ । बाँकी मौसममा रोगी बिल्कुल ठीक र सामान्य हुन्छ । अक्सर के देखिएको छ भने डिप्रेसिभ इपिसोड त जाडोमा देखिन्छ तर मैनियाको इपिसोड गर्मी मौसममा देखिन्छ । दिनको लम्बाइ कम र प्रकाश कम भएको असर हाइपोथैलमसमा हुन्छ र डिप्रेसन घटित हुन्छ । यसमा रोगीको उपचार प्रकाश थेरापीले गरिन्छ । यसमा अत्यधिक बेचैनी, थकान, धेरै निद्रा, कार्बोहाइड्रेटयुक्त खाना खाने इच्छा हुनु आदि हुन्छ । जसले गर्दा वजन बढेर जान्छ, जबकि यसको ठीकविपरीत मैनियामा हुन्छ र वजन कम हुन्छ ।

**६. सेकेन्ड्री डिप्रेसन :** यसको नामैले थाहा लाग्छ कि मुख्य कुरा त अरू हुन्छ, जसले डिप्रेसन गराउँछ । जसरी अल्कोहलले डिप्रेसन गर्छ । त्यस्तै, अन्य कतिपय औषधिले पनि डिप्रेसन गर्छन् ।

अब आउनुस् यो हेरौं कि कुन कुन कारणले हुन्छ चित्तवृत्ति विकृति–

**कारण :** वास्तवमा भन्ने हो भने कुनै निश्चित कारणको यसबारेमा अहिलेसम्म कुनै जानकारी छैन । यस कारणले यसबारे कतिपय सिद्धान्तको विवरणमा जानुपर्छ, जसले यसको व्याख्या गर्छ । यी सिद्धान्तहरू निम्नलिखित छन्–

१. जैविक वा बायोलजिकल सिद्धान्त

२. साइकोसोसल वा मनोसामाजिक सिद्धान्त

**१. जैविक सिद्धान्त :** यसमा निम्नलिखित सिद्धान्त पर्छन्–

**क) जेनेटिक हाइपोथेसिस अथवा गुणसूत्र परिकल्पना :** यसको अनुसार रोगको निर्धारण मानिसको जिनमा नै हुन्छ । यदि आमाबुबालाई छ भने छोराछोरीहरूमा रोग हुने सम्भावना बढी हुन्छ ।

**ख) बायोकेमिकल अथवा जैव रसायन सिद्धान्त :** यस सिद्धान्तलाई पनि मान्नै पर्छ । यस अनुसार मानिसको जैव रसायनको मात्रामा गडबडीले डिप्रेसन हुन्छ । यो सिद्धान्त ठीक किन भनियो भने मैनियामा कैटेकोलामाइनको स्तर बढेको र डिप्रेसिभ फेजमा घटेको पाइएको छ । कैटेकोलामाइन पनि थुप्रै हुन्छन् तर मुख्यरूपले नरइपिनेफ्रिन, डोपामिन र सिरोटोनिनको स्तर नै जिम्मेवार हुन्छ । यस कारण मैनियाको उपचारमा कैटेकोलामाइन घटाउने र डिप्रेसिभ स्टेजको उपचारमा कैटेकोलामाइन बढाउने औषधिबाट सफलतापूर्वक उपचार गर्न सकिएको छ ।

**ग) न्युरोइन्डोक्राइन अथवा स्नायु हार्मोन सिद्धान्त :** मूडमाथि हार्मोनले निकै प्रभाव पारेको देखिन्छ । थायरायड हार्मोन अधिक भयो भने मानिस बढी गफाडी भएको र कम भएमा एकदम सुस्त:मनस्थितिको देखिन्छ । त्यस्तै, कतिपय चिकित्सकले डिप्रेसनको इलाज टेस्टोस्टेरोनले पनि सफलतापूर्वक गरेको देखिएको छ । यसको मतलब यो भयो कि पुरुष हार्मोनको कमीले पनि निश्चितरूपमा डिप्रेसन हुन्छ । यही कुरा स्त्री हार्मोनको लागि पनि सही छ ।

**घ) निद्राको सिद्धान्त :** अत्यधिक कम सुतियो वा अत्यधिक बढी सुतियो भने पनि डिप्रेसनको कारण बनेको देखिएको छ । निद्रा त्यो अवस्था हो, जसले सम्पूर्ण शरीरको मरम्मत गर्छ । त्यही भएन भने गडबडी त अवश्यम्भावी छ । तर निद्राको ओभरफ्लो पनि त्यस्तै खराब हुन्छ, जसरी बाइकको मोबिल ओभरफ्लो भएर बाइक बिग्रिन्छ ।

**च) ब्रेन इमेजिङबाट देखिएको तथ्य :** मूड डिजार्डरमा के देखिएको छ भने ब्रेनको भेन्ट्रिकिल फैलिएको हुन्छ । अर्को शब्दमा यो पनि भन्न सकिन्छ कि जसको भेन्ट्रिकिल फैलिएको हुन्छ, त्यसलाई मूड डिजार्डर हुने सम्भावना बढी हुन्छ । यसको अतिरिक्त यो पनि देखिएको छ कि प्रिफ्रोन्टल र सिन्गुलेट कार्टेक्स तथा कौडेट न्युक्लियसमा अधिक रक्तप्रवाहले पनि मूड डिजार्डर गराउँछ ।

**२. मनोसामाजिक सिद्धान्त :** यसमा तीनवटा कुरा आउँछन्–

**क) साइकोएनालिटिक अथवा मनोविश्लेषकीय सिद्धान्त :** के देखिएको छ भने यौनेच्छा कम गर्ने औषधि दिइयो भने मैनिया कम हुन्छ तथा यौनेच्छा बढाउने औषधि प्रयोग गरियो भने डिप्रेसन कम हुन्छ । यसको मतलब यो भयो कि यदि तपाईंको यौनजीवन गडबड छ भने तपाईंमा डिप्रेसन हुन सक्ने सम्भावना बढी हुन्छ । मनोविश्लेषकले खोतलेर रोगीबाट यो थाहा पाउँछ र त्यस कारण यसलाई साइकोएनालिटिक सिद्धान्त भनियो ।

**ख) स्ट्रेस अथवा तनाव :** प्रायः हामी सबैलाई थाहा छ कि तनावपूर्ण जीवन कस्तो खराब हुन्छ भनेर । सायद मानवजीवनको सबैभन्दा बढी उपक्रम यसै तनावबाट छुटकारा पाउनको लागि नै हुन्छ । अतः तनावपूर्ण जीवन वा कुनै घटनाले निश्चितरूपले मूडमा खराबी ल्याउँछ ।

**ग) कग्निटिभ एन्ड बिहेबियरल अथवा चेतना र व्यवहारको सिद्धान्त :** चेतना दुई प्रकारको हुन्छ– निगेटिभ र पोजेटिभ । हामी सबैलाई थाहा छ कि सुखी जीवन व्यतीत गर्नको लागि पोजेटिभ चित्त अथवा सकारात्मक सोच आवश्यक छ । अन्यथा मानिस निगेटिभ चिन्तनको भूलभुलैयामा यसरी हराउँछ कि त्यहाँबाट निस्कने उपाय कठिन हुन्छ । यस्तोमा मूड डिजार्डर नहुने कुरै आउँदैन । त्यसैले के देखिन्छ भने मूड डिजार्डर जति पोजेटिभ सोचले निको हुन्छ, त्यति औषधिले पनि हुँदैन । पोजेटिभ सोचको मतलब यो हुन्छ कि जे छ त्यसलाई स्वीकारेर अगाडि बढ्ने । निगेटिभ सोचको मतलब हुन्छ कि जो पनि छ उसको मीनमेख नै निकालिरहने र असन्तुष्ट रहिरहने ।

**उपचार :** मूड डिजार्डरको उपचार दुई स्तरमा गरिन्छ– सोमेटिक अथवा शारीरिक र २. साइकोसोसल अथवा मनोसामाजिक ।

**१. सोमेटिक शारीरिक :** विभिन्न प्रकारका एन्टिडिप्रेसेन्ट औषधिहरू छन्, जो चिकित्सकले निर्धारित गर्छन् । कडा खालको डिजार्डरमा आजभोलि लिथियमको पनि प्रयोग गरिन्छ । ती औषधिको नाम र मात्राको विवरण चिकित्सकले उपलब्ध गराउँछन् । यसको अतिरिक्त एन्टिसाइकोटिकको पनि प्रयोग गरिन्छ तथा केही एक्स्ट्रा मूडलाई स्थिर पारिराख्ने औषधि पनि प्रयोग गरिन्छ, जसमा सोडियम भाल्प्रोएट मुख्य छ ।

**२. मनोसामाजिक उपचार :**

**क) व्यावहारिक थेरापी :** जसमा रोगीलाई थुप्रै काम सिकाइन्छ र गराइन्छ ।

**ख) ग्रुप थेरापी :** जसमा आठ/दश मानिसको एउटा समूह बनाइन्छ, उनीहरू समयसमयमा मिलेर आपसमा गफगाफ र छलफल गर्छन् ।

**ग) फेमिली थेरापी :** परिवारका हरेक सदस्यलाई रोगीको प्रकृतिबारे बताएर उसप्रति कस्तो व्यवहार र सहानुभूति प्रकट गर्ने भन्ने तरीका सिकाइन्छ ।

**घ) साइकोएनालिसिसः** यसमा सधैं रोगीको मनोविश्लेषण गरिन्छ । यसको मतलब यो हो कि पटकपटक रोगीको विगतका घाउहरू पत्ता लगाउने र त्यसपछि रोगीलाई हौसला प्रदान गर्ने । यी सबैले उपचारमा सहयोग गर्छन् ।

बाइपोलर गडबडी उमेरको तेस्रो दशकमा र युनिपोलर गडबडी पाँचौं तथा छैटौं दशकमा देखिन्छ । मैनिया तीनदेखि चार महीनासम्म र डिप्रेसन चारदेखि छ महीनासम्म हुन्छ । मैनिया दुईदेखि तीन महीना र डिप्रेसन चारदेखि छ महीनाको उपचारले काबुमा आउँछ । यसमा के देखिएको छ भने ४० प्रतिशत रोग तीन महीना, ६० प्रतिशत रोग छ महीना र ८० प्रतिशत रोग एक वर्षको उपचारमा ठीक हुन्छ । बाँकी १५ वा २० प्रतिशत क्रोनिक अवस्थामा रहन सक्छ तर त्यति कडा रूपमा रहन सक्दैन । देख्नमा यो पनि आएको छ कि ७५ प्रतिशत रोग पाँच वर्षपछि फेरि पल्टाउँछ । जसरी उमेर बढ्दै जान्छ, त्यसरी मैनिया र डिप्रेसनको प्रकट हुने बीचको अवधि पनि कम हुँदै जान्छ । यो चक्र कसैकसैमा एक वर्षमा चारचोटि हुन सक्छ, जसलाई रैपिड साइक्लिक भनिन्छ । डिप्रेसनले हृदयरोग पनि निम्त्याउन सक्छ र इम्युनिटीलाई पनि घटाउँछ । यस कारण यो वास्तविकभन्दा पनि बढी मृत्युको कारण बन्छ । तर यसको उपचारको नतीजा सिजोफ्रेनियाभन्दा धेरै राम्रो हुन्छ । अस्तु ।

# आनन्दको खोजी : मनको अन्तर्यात्रा

– हरिकृष्ण बराल
(राधामाधव स्वामी)
मुर्ली बगैंचा, वीरगंज

यी चीजहरू सांसारिक हुन् र यी चीजहरू आध्यात्मिक हुन् भनेर पुरानो धर्ममा कर्महरूलाई दुई भागमा बाँड्ने गरिन्थ्यो । तर ओशोले कुनै पनि कर्महरूलाई दुई भागमा बाँड्नुहुन्न ।

ओशो भन्नुहुन्छ– यो संसार नै परमात्मा हो । परमात्मा र संसार दुई चीज होइन । चीज एउटै छ, परम सत्य एउटै छ । जब हामी प्रेमपूर्ण नजरले, भक्तिभावले पूर्ण भएर हेर्छौं भने यो संसार पनि परमात्मा देखिन थाल्छ । हामीले प्रेमविना परमात्मालाई नै हेर्यौं भने परमात्मा पनि संसारजस्तै देखिन थाल्छ ।

पुराना सन्न्यासीहरूले जीवनलाई खण्डखण्डमा विभाजित गरेका थिए । उनीहरूले एउटा खण्डलाई सांसारिक, पार्थिव भनेर निन्दाको वस्तु बनाइदिए । केही वस्तुलाई उच्च वस्तुको रूपमा चित्रित गरेर ती वस्तु प्राप्त गर्नको लागि केही वस्तु त्यागनको लागि भने । यसरी उनीहरूले सृष्टि तथा स्रष्टाको अनुचित भेद गरिदिए ।

ओशो भन्नुहुन्छ– कामसँग पनि जागरुकता जोड्न सके त्यो पनि ध्यानको हिस्सा बन्न सक्छ । काममा पनि ध्यान मुख्य भाग हुन सक्छ । कामबाट ऊर्जा बिस्तारै हटन थाल्नेछ, सहज ब्रह्मचर्य फलित हुन थाल्नेछ ।

कुनै पनि चीज छोडेर छुट्दैन । यदि क्रोधप्रति हामी जागरुक हुन सक्यौं भने हाम्रो क्रोध बिस्तारै खतम भएर जानेछ । जागरुकतामा क्रोध टिक्न सक्दैन । क्रोध हराएर जानेछ, त्यसको सट्टामा क्षमा फलित हुनेछ ।

ओशोले कहिल्यै पनि क्रोधलाई छोड्न भन्नुभएको छैन । तर उहाँले यसप्रति जागरुक हुन भन्नुभएको छ । जब मानिस क्रोधप्रति जागरुक हुन्छ, तब क्रोध छुटेर जान्छ, मानिस शान्त एवं प्रेमपूर्ण हुन जान्छ ।

यदि कुनै व्यक्ति क्रोधविरोधी छ वा कामविरोधी छ भने ऊ त्यसप्रति जागरुक भएर यी कुराहरूलाई हेर्न सक्दैन भन्ने बुझ्नुपर्दछ । यसले गर्दा जब उसलाई क्रोध वा काम वासनाले घेर्छ, तब त्यो व्यक्ति मूर्छित हुन जान्छ, मूर्छामा जागरण सम्भव छैन ।

यदि मानिसले ठीक ढङ्गले जीवन जिउन जान्यो भने धेरै कुरा सम्भव छ। ऊ क्रोधबाट करुणामा पुग्न सक्छ। वासनाबाट ब्रह्मचर्यमा पुग्न सक्छ । अलिकति मात्र ध्यान र प्रेम जोड्न सक्यौं भने जीवनमा आमूल परिवर्तन सम्भव छ ।

ओशोले विवाह संसारको चीज हो, शिक्षा संसारको चीज हो, राजनीति, विज्ञान, कला यी संसारका चीज हुन् भनेर चीजहरूलाई कहिल्यै दुई भागमा बाँड्नुभएन । उहाँले हरेक विषयको प्रत्येक पक्षमाथि क्रान्तिकारी दृष्टिकोण दिनुभएको छ । आफ्नो मौलिक विचार दिनुभएको छ । उहाँको दृष्टिकोणमा धर्मले जीवनका सबै चीजलाई स्पर्श गर्छ । सबै थोकलाई समाहित गर्छ ।

उहाँ भन्नुहुन्छ– एक पक्ष धार्मिक छ, अन्य पक्ष धार्मिक छैन, यस्तो हुँदै हुँदैन । यदि यस्तो भएको भए मानिस जागरुक हुनासाथ रूपान्तरित हुन सक्ने थिएन ।

ओशो भन्नुहुन्छ– कामवासनामा उत्रिंदा होशपूर्वक उत्रनुपर्छ । यदि हामी जागरुकतापूर्वक वासनामा उत्रन सक्यौं भने हामी वासनाबाट मुक्त हुन सक्छौं । हाम्रो अन्तिम लक्ष्य भनेको वासनाबाट मुक्ति हो । यसको लागि हामीले सुरुआत वासनाबाट नै गर्नुपर्छ, किनकि हामी जहाँ उभिएका छौं, सुरुआत पनि हामीले त्यहींबाट गर्नुपर्छ ।

मानौं हामी एउटा अँध्यारो भवनमा छौं । हामी प्रकाशतर्फ जान चाहन्छौं भने हामीले त्यही अँध्यारो ठाउँबाटै आफ्नो यात्रा शुरू गर्नुपर्छ । यसमा अँध्यारो ठाउँबाट कसरी हिंड्यो भने प्रकाश भएको ठाउँमा पुग्न सकिन्छ भन्ने चाहिं हामीलाई थाहा हुनुपर्छ ।

अँध्यारो कोठामा हामी दुई तरीकाले हिंड्न सक्छौं । एउटा तरीका हो गोलगोल घुम्ने र अर्को तरीका हो, ढोका भएतिर हिंड्ने र ढोकाबाट बाहिर निस्कने ।

सारा संसार कामवासनाले घेरिएर गोलगोल मूर्छित तरीकाले घुम्दै बाँचिराखेको छ । यो गोलचक्करबाट बाहिर निस्कन सकिरहेको छैन । ओशोले सम्भोगबाट समाधितर्फ भन्ने पुस्तकमा कसरी हामी कामवासनाको गोल चक्करबाट बाहिर निस्कने, कुन मार्गबाट प्रकाशपूर्ण दुनियाँमा पुग्ने भनेर सम्झाउनुभएको छ । हामी प्रकाशपूर्ण दुनियाँमा जान सक्यौं भने हाम्रो जीवनमा वासना हुनेछैन बरु हाम्रो जीवनमा निष्काम, निर्विचार, निर्विषय समाधि घटित हुनेछ ।

ओशोभन्दा पहिले धेरै सद्गुरु भए तर यस्तो प्रयोग केवल ओशोले मात्र आफ्ना साधकहरूलाई गराउनुभयो । आदिगुरु भगवान् शिवले विज्ञान भैरव तन्त्रमा ११२ वटा ध्यान विधि पार्वतीलाई दिनुभएको थियो । ती ११२ विधिमध्ये तीनवटा ध्यान विधि कामवासनासँग सम्बन्धित रहेका छन् । यी विधिहरूमा सम्भोग कसरी गर्यो भने त्यो ध्यान बन्न सक्छ ? कसरी त्यसले समाधिसम्म लैजान सक्छ भनेर उल्लेख गरिएको छ।

यसरी हेर्दा ओशोले कुनै नयाँ कुरा गर्नुभएको देखिँदैन । उहाँले त्यही शिवले दिनुभएका तीनवटा ध्यान विधिलाई साधकहरूले बुझ्ने गरी बताउनुभएको छ।

खजुराहो तथा कोणार्क मन्दिरमा भएका सम्भोगमा रत रहेका मूर्तिहरूको चेहेरा हेर्दा उनीहरूको चेहेरा समाधिस्थ भएको मानिसको जस्तो देखिन्छ । मानिस कामबाट राम तिर जान सक्छ । यस्तो तान्त्रिक साधना हाम्रो देशमा चल्दै आइरहेको छ, तर यो गोपनीय तरीकाले हुने गरेकाले केही मानिसमा नै सीमित हुन पुगेको छ । ओशोले यस सत्यलाई जनमानसमा पुऱ्याउनुभएको छ ।

भगवान् शिवको ग्रन्थ विज्ञान भैरवतन्त्रको कतिले त नाम नै सुनेका छैनन् होला । थोरै मानिसले नाम सुनेका भएपनि पढेका छैनन् होला । जससले पढेका छन्, उनीहरूले बुझेका छैनन् होला । जसले पढेर बुझेका छन्, उनीहरूले यसको प्रयोग गरेका छैनन् होला ।

ओशोले सम्भोगबाट समाधितिर भन्ने पुस्तकमा कुनै नयाँ कुरा बताउनुभएको छैन । उहाँले त्यही बुझाउनुभएको छ, जुन शिवले ती तीनवटा ध्यान विधिमा बताउनुभएको छ। उहाँले त्यही कुरा बुझाउन खोज्नुभएको छ, जुन कुरा खजुराहो तथा कोणार्क मन्दिर बनाउनेहरूले जानेका थिए । तर उनीहरूले यो कुरा समाजबाट लुकाएका थिए । यो महत्त्वपूर्ण आध्यात्मिक कुरा जनमानसलाई जानकारी नदिई लुकाइएको थियो । कोणार्क तथा खजुराहो मन्दिरलाई माटोले छोपेर राखिएको थियो ।

क्रमशः

## अन्तर्राष्ट्रिय समाचार

# पूर्वराष्ट्रपति ट्रम्पद्वारा आत्मसमर्पण

एटलान्टा, ८ भदौ/एएफपी

अघिल्लो राष्ट्रपतीय निर्वाचनमा षडयन्त्र र ठगीको आरोप लागेका



अमेरिकाका पूर्वराष्ट्रपति डोनाल्ड ट्रम्पले दक्षिणी राज्य जर्जियाको फुल्टन काउन्टीस्थित एक जेलमा आत्मसमर्पण गरेका छन्। फुल्टन काउन्टी जेलमा ३० मिनेटभन्दा कम समय बिताएका उनी दुई लाख डलर धरौटी बुझाएर रिहा भएका छन्।

जेलका अधिकारीले लागूऔषध कारोबार, तस्करी, मदिराले मातेर सवारी हाँक्ने चालकलगायत अन्य फौजदारी अभियोग लागेकाहरूको औंठाछाप र टाउकोसहित अनुहारको तस्बिर लिइने कानूनी प्रक्रिया अनुरूप अमेरिकाको इतिहासमा पहिलोपटक पूर्वराष्ट्रपतिको पनि तिनै अभियुक्तझैं फोटो लिएर भएको छ। यो लज्जास्पद क्षण अमेरिकाका लागि दुःखद भएको दक्षिणी क्यालिफोर्निया विश्वविद्यालय एनेनबर्ग स्कूल अफ कम्युनिकेसन्सका प्राध्यापक मार्टी कपलान बताउँछिन्। भविष्यमा इतिहासका पुस्तकहरूमा पूर्वराष्ट्रपति ट्रम्पको त्यो आपराधिक छवि स्थायी तस्बिर भएर रहने उनले टिप्पणी गरिन्।

कानून कार्यान्वयन गर्ने फुल्टन काउन्टी कार्यालयले अपराधको आरोप लागेका एक सामान्य नागरिकका रूपमा सार्वजनिक गरेको पूर्वराष्ट्रपतिको तस्बिरमा उनी निकै रिसाएको देखिएका छन्। हल्का खैरो पृष्ठभूमिमा खिचिएको तस्बिरमा उनले नीलो सुट, सेतो शर्ट र रातो टाई लगाएका छन्। उनको काँधको ठ्याक्कै माथि शेरिफको प्रतीक चिह्न पनि देखिन्छ। सतहत्तर वर्षीय पूर्वराष्ट्रपतिले आफू दोषी नरहेको दाबी गरेका छन्। यद्यपि उनीमाथि जर्जियामा जो बाइडेनले पाएको मतपरिणाम उल्टाउने प्रयास गरेको आरोप लगाइएको छ।

उक्त कार्यालयले जारी गरेको तस्बिर आफ्नो सामाजिक सञ्जाल र चुनावी अभियान वेबसाइटमा पोस्ट गर्दै उनले आफूले केही गलत नगरेको र आफूमाथि निराधार आरोप लगाइएको उल्लेख गरेका छन्। राजनीतिबाट प्रेरित भएर आफ्नो आगामी निर्वाचन बिथोल्न आफूमाथि अभियोग लगाइएको उनले दाबी गरेका छन्।

अर्बपति व्यापारी ट्रम्पलाई गत अप्रिलदेखि चारपटक आपराधिकरूपमा अभियोग लगाइएको छ तर उनी आगामी वर्ष हुने राष्ट्रपति निर्वाचनमा भाग लिने दृढ निश्चयका साथ अघि बढेका छन्। जर्जियामा उनीमाथि जालसाजी गरेको, सरकारी अधिकारीलाई झूटा बयान दिन अभिप्रेरित गरेकोलगायत चारवटा मुद्दा दायर गरिएको छ।

यसअघि उनीमाथि वयस्क चलचित्रकी नायिका स्टोर्मी डेनियलसँगको यौन सम्बन्ध, त्यसलाई सार्वजनिक नगर्न निजलाई भुक्तान गरिएको ठूलो रकम, आफ्नो निजी निवासमा गोप्य सरकारी कागजात राखेको र सरकारलाई फिर्ता गर्न अस्वीकार गरेको तथा संसद् भवनमा समर्थक परिचालन गरेर तोडफोड र आक्रमण गराएको अभियोग लगाइएको छ।

सन् २०२० को जनवरी छ तारिखमा अमेरिकी संसद् क्यापिटल हिलमा भएको आक्रमणमा सातजनाको मृत्यु हुनका साथै संसद्, महानगर र स्थानीय सुरक्षा निकायका १५० जना सुरक्षाकर्मी घाइते भएका थिए। त्यहाँ ट्रम्पले परिचालन गरेको भीडले अन्धाधुन्ध आक्रमण गरेको आरोप छ। रासस

# 'बहुपक्षीयताको संरक्षणमा ब्रिक्सको भूमिका महत्त्वपूर्ण'

बेइजिङ, ८ भदौ/एएफपी

बिहीवार दक्षिण अफ्रिकामा सम्पन्न भएको ब्रजील, रूस, भारत, चीन र दक्षिण अफ्रिका सदस्य रहेको १५औं ब्रिक्स शिखर सम्मेलनले ब्रिक्स संयन्त्रको गतिशीलता, बहुपक्षीय मञ्चको विकासको प्रवर्द्धन, बहुपक्षीयताको संरक्षण र विश्वव्यापी शासन सुधारमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने बहुपक्षीयताका जानकारहरूले बताएका छन्।

सङ्गठनको ऐतिहासिक विस्तारका क्रममा अर्जेन्टिना, इजिप्ट, इथियोपिया, इरान, साउदी अरब र संयुक्त अरब इमिरेट्स थपिएपछि ब्रिक्स सहयोग संयन्त्रमा जीवन्त, विश्व शान्ति र विकासका लागि सहयोगी हुने धारणा उनीहरूले व्यक्त गरेका छन्। नयाँ सदस्य देश आगामी जनवरी १ देखि पूर्ण सदस्य बन्नेछन् र तिनले सङ्गठनमा नयाँ ऊर्जा प्रवाह गर्ने उनीहरूको अपेक्षा छ।

विश्व अर्थतन्त्रले गति लिन नसकेको कठिन समयको पृष्ठभूमि तथा कोभिड-१९ महामारीको गम्भीर चुनौतीलाई पन्छाउँदै पहिलोपटक भौतिकरूपमा भएको १५औं शिखर सम्मेलनले ब्रिक्स देशबीचको ऐक्यबद्धता र सहयोगलाई बढाएको छ।

वर्तमान अन्तर्राष्ट्रिय परिदृश्यलाई आकार दिन, न्यायपूर्ण, समतामूलक विश्व व्यवस्था निर्माणका निम्ति सकारात्मक भूमिका निर्वाह गर्ने सामर्थ्य भएको ब्रिक्सले विश्व जनसङ्ख्याको ४२ प्रतिशत र विश्वव्यापी कुल गार्हस्थ्य उत्पादनको एक चौथाइ भाग ओगटेको छ। शाङ्घाईमा रहेको नयाँ विकास बैंक र आकस्मिक कोष प्रवाहको व्यवस्थाले ब्रिक्स संयन्त्र अन्तर्गत फलदायी एवं व्यावहारिक सहयोगको बढाउन सहज हुनेछ।

खुलापन, समावेशिता र सबै पक्षलाई लाभ हुने सहयोगको भावनालाई समर्थन गर्दै ब्रिक्स संयन्त्रले उदीयमान अर्थतन्त्र र विकासशील देशलाई प्राथमिकतामा राखेको छ। सबै विकासशील देशको प्रतिनिधित्व गर्ने सहयोगी मञ्चलाई पारस्परिक एकताको माध्यमबाट अझ सबल एवं सहयोगी बनाउनुपर्नेमा चिनियाँ राष्ट्रपति सी जिनपिङले जोड दिएका छन्।

अनिश्चितताको भुमरीबाट बाहिर निस्कन कठिन भएको वर्तमान विश्वमा ठूला परिवर्तन र विभाजन, अशान्ति, दीर्घकालीन सङ्क्रमण एवं भागीरथ प्रयासपछि शान्त रूपान्तरण पनि भोगेको तर त्यो संसारभर अझै लागू हुन नसकेको अवस्थामा कतिपय विकासोन्मुख देशहरू संयुक्त राष्ट्रसङ्घीय दिगो विकासका लक्ष्य हासिल गर्न अक्षम हुने अवस्थामा छन्। ती देशको उन्नयनमा सघाउनु पनि ब्रिक्सको साझा दायित्व बनेको छ। शीतयुद्धको मानसिकतामा फसेका केही देशले हालैका वर्षमा आफ्नो वर्चस्व कायम राख्न विभाजन र द्वन्द्व सिर्जना गरेर वैमनस्यलाई बढावा दिएका बेला ब्रिक्सको महत्ता अझ बढेको छ।

अहिलेको बढ्दो जटिल अन्तर्राष्ट्रिय परिवेशमा, विस्तारित ब्रिक्स समूहले साझा वृद्धिलाई प्रवर्द्धन गर्न, बहुपक्षीयताको रक्षा गर्न, अधिक न्यायपूर्ण र समतामूलक विश्वव्यापी शासनका साथै बहुध्रुवीय विश्वमा योगदान पुऱ्याउन ठूलो भूमिका खेल्ने अपेक्षा चीनले गरेको छ। शान्ति र विकासका साथै समग्र विश्वका जनताको साझा आकाङ्क्षामा सघाउन तथा रणनीतिक साझेदारी अभिवृद्धि गर्न सम्मेलनमा चीनले आफ्नो पूर्ण प्रतिबद्धता व्यक्त गरेको छ। रासस

## आजको राशिफल

| राशि | फल | राशि | फल |
|---|---|---|---|
| मेष | प्रगति | वृष | वादविवाद |
| मिथुन | यात्रालाभ | कर्कट | कडापरिश्रम |
| सिंह | ज्ञानोलय | कन्या | उदरपीडा |
| तुला | विजय | वृश्चिक | धनलाभ |
| धनु | भाग्योदय | मकर | बेचैनी |
| कुम्भ | मनोरञ्जन | मीन | कर्मप्राप्ति |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

## रानीघाट-पोखरिया बस समिति

भिस्वा- बिहान ७:४० बजे
भिस्वा- बिहान १०:०० बजे
भिस्वा- मध्याह्न १२:०० बजे
भिस्वा- दिउँसो १:३० बजे
दसौता- दिउँसो २:३० बजे
सेढवा- दिउँसो ३ बजे
देउरिया- दिउँसो ३:१५ बजे
भिस्वा- दिउँसो: ३:४० बजे


यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ ।

बिल, बुक, खाता
क्यालेन्डर, ब्रोसर, पोस्टर
विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी
भिजिटिङ कार्ड
फ्लेक्स, ब्यानर

प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com


# आठ वर्षीया लीनाको काम : वर्ष दिनमा नौ सय पुस्तक अध्ययन

गल्याङ (स्याङ्जा), ८ भदौ/रासस

नेपालको सबैभन्दा ठूलो जलविद्युत् परियोजना कालीगण्डकी 'ए'को पावर हाउस जाने बाटोको नजीकै छ, सत्यदेवी माध्यमिक विद्यालय। स्याङ्जाको कालीगण्डकी गाउँपालिका-५ बलामबेल्टारीमा अवस्थित उक्त विद्यालयमा कक्षा दुईमा अध्ययनरत छिन्, आठ वर्षीया लीना पाण्डे। उनले एक वर्षको अवधिमा



स्याङ्जाको कालीगण्डकी गाउँपालिका-५ बलामबेल्टारीमा अवस्थित सत्यदेवी माध्यमिक विद्यालयको कक्षा २ मा अध्ययनरत लीना पाण्डेले बालमैत्री पुस्तकालयमा पुस्तक पढ्दै। उनले एक वर्षको अवधिमा ८६७ वटा पुस्तक पढेर पालिकाभित्र रेकर्ड राखेकी छन्। तस्वीर : नारायण विक/रासस

८६७ वटा पुस्तक पढेर सबैलाई चकित पारेकी छन्।

विसं २०३० मा स्थापना भएको विद्यालयमा बाल पुस्तकालय नहुँदा साना बालबालिका विषयवस्तुभन्दा बाहेकका पुस्तक पढ्न पाउँदैनथे। अहिले विद्यालयले बाल पुस्तकालय स्थापना गरेपछि यहाँका बालबालिकामा सबै विषयवस्तु समेटिएका पुस्तक पढ्ने रुचिको विकास हुँदै गएको पुस्तकालयका व्यवस्थापक रूपा न्यौपानेले बताइन्।

एक वर्षअगाडि विद्यालयमा साक्षरता कार्यक्रम लागू भएसँगै बाल पुस्तकालय स्थापना भएको हो। "बालमैत्री पुस्तकालयमा साना कक्षाका विद्यार्थीले रमाइला रमाइला बालकथाका पुस्तक पढ्न थालेका छन्," उनले भने, "विद्यार्थीले पुस्तकालयमा मात्र नभएर आफूलाई मन पर्ने पुस्तक घरमा लगेर पनि पढ्न थालेका छन्।" बालबालिकाले घरमा लगेका पुस्तक फिर्ता गर्ने क्रममा किताबभित्रका विषयवस्तु सोध्दा सही उत्तर दिने गरेको व्यवस्थापक न्यौपानेले बताइन्।

यसअघि विद्यालयमा बाल पुस्तकालय नहुँदा बालबालिका उमेर अनुसार बाहिरी पुस्तक पढ्नबाट वञ्चित थिए। लीनालाई पनि किताबसँग रमाउने बानी परेको थिएन। पाठ्यक्रम र पाठ्यपुस्तकमा जे छ, शिक्षकशिक्षिकाले जे पढाउँछन्, त्यही विषयवस्तुमा सीमित हुनुपर्ने बाध्यता थियो।

व्यवस्थापक न्यौपानेले पुस्तकालयमा विद्यार्थीले पढ्ने गरेका पुस्तकसहितको तथ्याङ्क आफूले राख्ने गरेको बतायन्। "लीनाले गत २०७९ साउनदेखि अहिले २०८० असार मसान्तसम्म ८६७ वटा पुस्तक पढेकी छन्," उनले भनिन्। व्यवस्थापक न्यौपानेका अनुसार कक्षा तीनकी कृतिका न्यौपाने र कक्षा दुईकी विभा भट्टराई पनि लीनाले जस्तै धेरै पुस्तक पढ्नेमा पर्छन्।

लीनाकी आमा रेणुका डुम्रेले छोरीले धेरैजसो समय बालपुस्तक पढ्नमा बिताउने गरेको बताइन्। उनले विद्यालयमा बाल पुस्तकालय स्थापना भएदेखि छोरीले टेलिभिजन, मोबाइललगायतका सामग्रीमा ध्यान दिन छाडेको बताइन्।

"विद्यालयबाट फर्केपछि गृहकार्य सकाउने पहिलो काम हो, साँझको खाना खाएपछि रङ्गीन बालकथा पढ्छिन्," डुम्रेले भनिन्, "गृहकार्य गर्न र उनले सक्ने व्यक्तिगत सरसफाइका काम अह्राउनुपर्दैन, घरमा पनि अनुशासित भएर अध्ययन गर्न सिकाएका हुन्छौं।"

लीनाले पुस्तकालयबाट किताब घरमैं लगेर बाबाआमालाई पनि सुनाउने गरेको उनले बताइन्। "एकपछि अर्को किताब कस्तो होला भन्ने लागेर नयाँनयाँ किताब पढ्छु," लीनाले भनिन्, "विद्यालय खुल्दा कहिल्यै पुस्तकालयका पुस्तक पढ्न छुटाउँदिनँ, किताब छानीछानी पढ्न पाइने, घरमा पनि लैजान पाइने भएकाले विद्यालय आउन मन लाग्छ।" लीनाले लामो समय विद्यालय बिदा हुँदासमेत पुस्तक घरमा लगेर पढ्ने गरेको बताइन्।

विद्यालयका प्रधानाध्यापक पशुपति पाण्डेले बालमैत्री पुस्तकालय स्थापना भएपछि बालबालिकाले कसैको दबाबविना पुस्तक पढ्न थालेको बताए। उनले पुस्तकालयका कारण बालबालिकाको विद्यालयमा अनुपस्थित हुने दर कम हुँदै गएकोसमेत जानकारी दिए। प्रधानाध्यापक पाण्डेले पुस्तकालयका कारण बालबालिकामा विकास भएको पढ्ने सीप र बानीमा आएको परिवर्तन देखेर खुशी लागेको बताए।

कालीगण्डकी गाउँपालिकामा ३५ वटा सामुदायिक विद्यालय छन्। गाउँपालिकाका अध्यक्ष खिमबहादुर थापाले यहाँका सामुदायिक विद्यालयमा कक्षा दुईमा अध्ययन हरेक विद्यार्थीले नेपाली सरर्र पढ्न सक्ने दाबी गरे। उनले यहाँका पुस्तकालय युरोपेली मापदण्डका आधारमा सञ्चालन गरिएको बताए।

सूर्योदय क्लबका अध्यक्ष अनन्तकुमार श्रेष्ठले यहाँका सामुदायिक विद्यालयमा क्लबले पुस्तकालय व्यवस्थापनको काम गरिरहेको बताए। उनले 'रूम टु रिड' संस्थाको सहयोगमा बालमैत्री पुस्तकालय सञ्चालन गरिएको जनाउँदै यस अभियानमा पछिल्लो समय पालिकाले पनि लगानी गरेको बताए। विद्यालयमा रहेका पुस्तकालयको अनुगमन, रेखदेख र व्यवस्थापनका लागि १५ शिक्षकसहित दुईजना प्राविधिक खटाइएको उनको भनाइ थियो।

---

पत्रिकाकी सम्पादक कविता खड्काको गुन बिर्सन सकिंदैन। उनले छोरालाई आफ्नो संस्थामा काम दिइन्। छोराको तलब कोरोना महामारीको बेला सञ्जीवनी साबित भयो। विगत सम्झेर दुःखी हुनुभन्दा वर्तमान र भविष्यको ख्याल गरेर अठोटका साथ अघि बढ्नुपर्छ जस्तो लाग्छ।

शारीरिक अपाङ्ग छु। तर मेरो अपाङ्गता जन्मकालदेखि चाहिं होइन। पछि भएको हो। झन्डै तीन दशकअघिको कुरा हो। म बरहथवाको सरकारी विद्यालयमा अध्ययनरत थिएँ। जिल्लास्तरीय नृत्य प्रतियोगिता हुने भएको थियो। मसँगै गीता दिदी, सारङ्गा, मन्दिरालगायत बरहथवाबाट हामीहरूले भाग लिएका थियौं। प्रथम हुने अठोटका साथ गुरुले सिकाएझैं नाच्थें। रमाइलो गर्दै र सिक्दै प्रतिस्पर्धा हुने दिन आयो। हामी सर्लाही जिल्लाको सदरमुकाम मलङ्गवा पुग्यौं। जिल्लाभरिबाट प्रतिपर्धीहरू आएका थिए। चुनौतीपूर्ण प्रतिस्पर्धा थियो। मेरो पालो आयो। नृत्य गरिरहेको बेला बेस्सरी लडें। खुट्टाको हड्डी भाँचियो। प्रतिस्पर्धामा दोस्रो श्रेणी र अपाङ्गता लिएर घर फर्किएँ। कतिपय ठाउँमा चेकजाँच भयो। चिकित्सकहरूले पूर्ण निको नहुने बताए।

बाल्यकालमा रूखबाट अम्बा, आँप र जामुन टिपेर खान खूब रहर लाग्थ्यो। हावाहुरी आउने चाल पाउने बित्तिकै पाइला बगैंचामैं हुन्थ्यो। हावाले उडाउँला भन्दै रूख समातेर पर्खिन्थ्यो। तर भागिन्थेन। फल लिएरै घर फर्किन्थ्यौं। "फेरि कहाँ आउँछ र यो बालपनको उमेर..." गीतझैं बालपन सम्झना गर्न सकिन्छ तर फर्केर आउँदैन।

सौन्दर्यकर्मी पेशासँगै सामाजिक सेवामा रुचि छ। वीरगंजस्थित मानवसेवा आश्रममा आबद्ध छु। चाडपर्वमा आम जनजीवन रमाइरहेको बेला आश्रममा आबद्ध हामी सेवाकर्मीहरू उद्धार कार्यमा संलग्न रहन्छौं। सडकपेटीमा जीवन बिताइरहेका दीनदुःखीहरूको उद्धार कार्यमा सक्रिय रहन्छौं। चाडपर्वको अवसरमा आश्रमका आमा तथा दिदीबहिनीहरूलाई हामी सौन्दर्यकर्मीहरूको समूहले शृङ्गार, मेहदी आदि सेवा प्रदान गर्छौं।

मानवसेवा आश्रम, वीरगंजको भवन निर्माण समिति सदस्य, राष्ट्रिय सौन्दर्यकर्मी युनियन नेपाल, मधेस प्रदेशको उपाध्यक्ष तथा वीरगंज नगर कमिटी अध्यक्ष, घरेलु उद्यमी महिला सङ्घ, पर्साको उपाध्यक्ष, वीरगंज उद्योग वाणिज्य सङ्घको आमन्त्रित सदस्य र मञ्जुश्री असहाय संरक्षण केन्द्र, पर्साको सदस्य छु। एकल, असहाय र अपाङ्ग महिलाहरूका लागि निश्शुल्क सौन्दर्य विद्याको तालीम प्रदान गर्दै आइरहेकी छु। मसँग तालीम लिएर पाँच/छ जना महिला अहिले स्वरोजगार भएका छन्।

'खाली दिमाग सैतानका घर' भनेझैं खाली मस्तिष्कमा व्यर्थ चिन्ता अङ्कुरित हुन्छन्। त्यस कारण जीवनशैली व्यस्त हुनुपर्छ। प्रथमतः रोटी (खाना)को लागि रोजी (काम) गर्नुपर्छ। त्यसबाहेकको समय सकेसम्म सामाजिक सेवामा समर्पित गर्नुपर्छ। सक्रिय र व्यस्त दिनचर्या हुनुपर्छ। सन्तोषम् परम सुखम् भनेझैं जति छ, त्यत्तिकैमा सन्तोष गर्नुपर्छ। दृढ सङ्कल्प र पूर्ण क्षमताले सेवाप्रवाह गरी सेवाग्राहीहरूको मन अहिलेसम्म जित्दै आइरहेकी छु। लगनशील भएर काम गर्ने मेरो बानी छ। सन्तोष भइएन भने खुशी हुन सकिंदैन। अतीतसँग हारेको हृदयङ्गम गरी वर्तमान र भविष्य पीडामुक्त होस् भन्ने ईश्वरसँग प्रार्थना गर्छु।

जि.प्र.का. पर्सा द.नं. १२/२०५३/०५४ प्रतीक जि. हु. का. पर्सा द. नं. १८२/२०८०/८१

# शिक्षक महासङ्घको आन्दोलनलाई थप सशक्त बनाउन ठोरीमा आन्दोलन परिचालन समिति गठन

चिरञ्जीवी सापकोटा, ठोरी, ८ भदौ/

प्रस्तावित शिक्षा ऐनको विरुद्धमा आन्दोलनलाई थप सशक्त बनाउन नेपाल शिक्षक महासङ्घ ठोरीले आन्दोलन परिचालन समिति गठन गरेको छ । शुक्रवार नेपाल शिक्षक महासङ्घ ठोरीको आह्वानमा भेला भएका ठोरीका शिक्षक तथा कर्मचारीहरूले आन्दोलन परिचालन समिति गठन गरेको हो ।

नेपाल शिक्षक महासङ्घ ठोरीका अध्यक्ष अमृत श्रेष्ठको संयोजकत्वमा २१ सदस्यीय आन्दोलन परिचालन समिति गठन गरिएको नेपाल शिक्षक महासङ्घ ठोरीका उपाध्यक्ष गोपीलाल श्रेष्ठले जानकारी दिए । ठोरी–४ स्थित नेपाल राष्ट्रिय आधारभूत विद्यालय, निर्मलबस्तीमा शिक्षक महासङ्घ, ठोरीका अध्यक्ष अमृत श्रेष्ठको अध्यक्षतामा सम्पन्न भेलाले आन्दोलन परिचालन समितिको आवश्यकता महसूस गरी सर्वसम्मतरूपमा आन्दोलन परिचालन समिति गठन गरिएको उपाध्यक्ष श्रेष्ठले जानकारी दिए । आज गठित समितिमा गोपीलाल श्रेष्ठ, दीपेन्द्र सापकोटा, विदुरप्रसाद सापकोटा, रञ्जीत कार्की, सुमित्रा परियार, मित्रबहादुर थापा, सुनबहादुर लामा, लक्ष्मण बखती, उदयबहादुर श्रेष्ठ, अञ्जु तिमल्सिना, महासङ्घका पदाधिकारी तथा सदस्यहरू एवं सङ्घसङ्गठनका अध्यक्षसहित २१ सदस्यीय आन्दोलन परिचालन समिति गठन गरिएको महासंघ ठोरीका अध्यक्ष श्रेष्ठले जानकारी दिए ।

स्थानीय पालिका, शिक्षा समन्वय एकाइ तथा प्रदेशमा सामाजिक विकास मन्त्रालयमा धर्नासहित नेपाल सरकार र नेपाल शिक्षक महासङ्घबीच भएको ५१ बुँदे र ३० बुँदे सम्झौतापत्र बुझाएको महासङ्घले काठमाडौं केन्द्रित आन्दोलनलाई सफल बनाउन समिति गठन गरी अघि बढ्ने निर्णय गरेकोसमेत अध्यक्ष श्रेष्ठले बताए । काठमाडौं केन्द्रित आन्दोलनको लागि तयारी अवस्थामा रहन केन्द्रले गरेको सर्कुलर अनुसार ठोरीले पनि आन्दोलन परिचालन समिति गठन गरेको उनले बताए । यसअघि देशैभरि जिल्ला तथा प्रदेश स्तरीय आन्दोलन परिचालन समिति गठन भइसकेको अध्यक्ष श्रेष्ठले जानकारी दिए ।

आजको भेलाले देशैभरि स्थानीय पालिका, शिक्षा समन्वय एकाइ तथा प्रदेशमा सामाजिक विकास मन्त्रालयमा धर्ना कार्यक्रममा शिक्षक तथा कर्मचारीहरूको उत्साहजनक सहभागितामा कार्यक्रम सम्पन्न भएकामा आजको भेलाले धन्यवाद प्रस्तावसमेत पारित गरेको अध्यक्ष श्रेष्ठले जानकारी दिए । अध्यक्ष श्रेष्ठको अध्यक्षतामा बसेको भेलाको सहजीकरण नेपाल शिक्षक सङ्घ, ठोरीका अध्यक्ष विदुरप्रसाद सापकोटाले गरेका थिए ।

# खेलकूदको संसार

## महिला टी–२० सिरिज : नेपाल र हङकङ फाइनलमा भिड्ने

काठमाडौं, ८ भदौ/रासस

समूह चरणको शुक्रवारको खेलमा मलेशियासित पराजित भएपनि नेपाल फाइनलमा पुग्न सफल भएको छ । चार देश सम्मिलित महिला टी–२० सिरिजको फाइनलमा अब नेपाल र हङकङ भिड्ने भएका छन् । फाइनल खेल शनिवार हुनेछ । समूह चरणका खेल सकिंदा नेपाल, हङकङ र मलेशियाको समान चार/चार अङ्क भएपनि नेपाल र हङकङ रनरेटका आधारमा फाइनलमा प्रवेश गरेका हुन् । तीनै टोली समूह चरणका दुई/दुई खेलमा विजयी भएका थिए ।

मलेशियाको राजधानी क्वालालम्पुरस्थित वायुमास ओभल क्रिकेट मैदानमा नेपालले टस हारेपछि आज पहिले ब्याटिङ गरेको हो । मलेशियाविरुद्धको खेलमा नेपालले जीतका लागि ८४ रनको लक्ष्य प्रस्तुत गरेको थियो । वर्षाका कारण १८ ओभरमा सीमित गरिएको खेलमा नेपालले सात विकेटको क्षतिमा ८३ रन बनायो । मलेशियाले ८४ रनको विजयी लक्ष्य १६ दशमलव दुई ओभरमा चार विकेटको क्षतिमा पूरा गर्‍यो । मलेशियाका लागि अइना हसिमले अविजित ३७ तथा इजाती इस्माइलले २१ रन बनाए । बलिङतर्फ नेपालका लागि पूजा महतो, रुविना क्षेत्री बेलबासे र सीता रानामगरले एक/एक विकेट लिए ।

यसअघि नेपालको लागि ब्याटिङ गर्दै कप्तान रुविना क्षेत्री बेलबासेले २३, इन्दु वर्माले २० तथा काजल श्रेष्ठले १८ रनको योगदान दिए । अरू खेलाडीले सम्झनलायक ब्याटिङ गर्न सकेनन् ।

नेपालले समूह चरणको पहिलो खेलमा हङकङलाई छ विकेटले तथा दोस्रो खेलमा कुवेतलाई ३४ रनले पराजित गरेको थियो । यस्तै, मलेशिया पहिलो खेलमा हङकङसित १० विकेटले पराजित भएको थियो भने दोस्रो खेलमा मलेशियाले कुवेतलाई आठ विकेटअन्तरले पराजित गरेको थियो ।

आयोजक मलेशियासहित नेपाल, हङकङ र कुवेतले महिला टी–२० सिरिज खेलिरहेका छन् । यही अगस्त ३१ तारिखदेखि मलेशियामैं हुने आइसिसी महिला टी–२० विश्वकप एशिया क्वालिफायरको तयारीस्वरूप नेपालले उक्त सिरिज खेलिरहेको छ ।

# निशुल्क आँखा शिविर सम्पन्न

प्रस, वीरगंज, ८ भदौ/

राधारानी किर्तन समिति वीरगंज–३ छपकैयाको आयोजनामा शुक्रवार निश्शुल्क आँखा शिविर सम्पन्न भएको छ ।

अजगैवीनाथ मन्दिरमा आयोजित आँखा शिविरमा ६२ जनाको आँखा परिक्षण गरिएको र १२ जनामा मोतियाबिन्दुको समस्या रहेको पत्रकार महेश दासले बताए । मोतियाबिन्दुको समस्या देखिएकाहरूको वीरगंज सामुदायिक आँखा अस्पतालले निश्शुल्क शल्यत्रिया गर्ने उनले बताए । शिविरमावीरगंज सामुदायिक आँखा अस्पतालका महेशसिंह धामी, प्रेम घिमिरे र नयन यादवले प्राविधिक सहयोग गरेका थिए ।

कार्यक्रममा हरि अधिकारी, सविता अधिकारी, बोधकुमारी क्षत्रि, गोमा नेपाल, शुशिला खनाल, पिताम्बर अर्याल, शोभा मिश्र, सुबु पाण्डेलगायतको सहभागिता थियो ।




## भन्सार छलेर ...

निकासी भएको थियो ।

वीरगंज भन्सार नाका हुँदै साउनको अन्तिम सातासम्म रु ७३ लाख ७० हजार बराबरको छ लाख ३७ हजार ६८० किलो गोलभेंडा निकासी भएको सूचना अधिकारी रामचन्द्र शर्मा ढकालले बताए । तर अहिले एक सातादेखि भारतीय गोलभेंडा भन्सार छली दुई नम्बर बाटोबाट नेपाल आउन थालेपछि नेपाली गोलभेंडा भारत निकासी बन्द भएको व्यवसायीहरूले बताए । अहिले भारतको बैंगलोर आसपासमा गोलभेंडा उत्पादन भएर बिहार र अन्य राज्यमा आइरहेकामा बिहारबाट दुई नम्बर बाटोबाट गोलभेंडा, आलु, प्याजलगायतका तरकारी आइरहेको बुझिएको छ ।

वीरगंजका तरकारी व्यवसायीका अनुसार साउनको दोस्रो साता गोलभेंडाको मूल्य आकाशिएको थियो । जसले गर्दा भारतमा किलोको भारु दुई सयसम्म पुगेको थियो । नेपालमा पनि गोलभेंडा रु २०० प्रतिकिलो पुगेको थियो । भारत निकासी भएको गोलभेंडा पुनः नेपाल चोरबाटो भित्रिन थालेको छ ।

रक्सौलबाट दुई नम्बर बाटो हुँदै आएको गोलभेंडा थोकमा वीरगंजमा रु ७२ मा बिक्री भइरहेको छ भने खुद्रामा प्रतिकिलो रु ८०–९० रुपैयाँमा बिक्री भइरहेको छ । त्यसैगरी, नेपाली गोलभेंडा थोकमा प्रतिकिलो रु ९०–१०० को दरमा बिक्री भइरहेको छ भने खुद्रा प्रतिकिलो रु १२० सम्म बिक्री भइरहेको बताइएको छ । नेपाली आलु खुद्रामा प्रतिकिलो रु ५२ र थोकमा रु ४२ को भाउमा बिक्री भइरहेको छ भने दुई नम्बरबाट आएको भारतीय आलु थोकमा प्रतिकिलो रु ३२–३५ र खुद्रामा रु ४० मा बिक्री भइरहेको छ ।

भारतले प्याज निकासीमा ४० प्रतिशत निकासी कर लगाएपछि भन्सार च्यानलबाट प्याजको आयात बन्द छ भने व्यवसायीहरूले दुई नम्बर बाटोबाट प्याज ल्याएर बजारको मागलाई धान्दै आएका छन् । भारतमा प्याज आपूर्तिमा सहजता पैदा भएपछि भारत सरकारले नेपालसँगै एशियाका अन्य मुलुकमा समेत प्याज निकासीमा प्रतिबन्ध लगाउन महँगो निकासी कर लगाएको कारण वीरगंज भन्सार नाकासँगै अन्य नाकाबाट प्याज आयात ठप्प भएको छ । तर पनि खुला सिमानाको फाइदा उठाउँदै व्यापारीहरूले प्याज मगाइरहेका छन् ।

अहिले वीरगंजमा दुई नम्बर बाटोबाट आएको प्याजको भाउ थोकमा प्रतिकिलो रु ६० र खुद्रामा रु ७० मा कारोबार भइरहेको वीरगंज मीनाबजारका व्यवसायीहरूले बताए । मीनाबजारका एकजना तरकारी व्यवसायीले नेपालमा प्याजको उत्पादन न्यून हुन्छ र बजारको मागलाई भारतबाट आयातित प्याजले मात्र धान्दै आएको बताए । उनले भारतले निकासी प्रतिबन्ध नलगाउँदा भन्सारबाट आउने गरेको तर अहिले चोरबाटो विभिन्न साधनबाट प्याज ल्याएर आपूर्ति गरिरहेको बताए ।

खुला सीमाका कारण नेपालमा महँगो भएको सामान भारतबाट र भारतमा महँगो भएका सामान नेपालबाट चोरबाटो आवतजावतको प्रक्रिया पुरानो हो । अहिले भर्खरै केही सातासम्म नेपाली हरियो धनिया भारत निकासी हुँदै आएको थियो । तर महँगो भएपछि भारतबाट नेपाल निकासी हुँदैछ । खुद्रामा अहिले हरियो धनिया प्रतिकिलो रु एक हजारसम्म पुगेको व्यवसायीहरू बताउँछन् ।

# श्रमिक सङ्गठनको अधिवेशन सम्पन्न

प्रस, पर्सागढी, ८ भदौ/



भूमि अधिकार तथा श्रमिक सङ्गठन नेपाल, पर्साको प्रथम अधिवेशन वीरगंजमा शुक्रवार सम्पन्न भएको छ ।

अधिवेशनमा सङ्गठनका केन्द्रीय उपाध्यक्ष गुन्जाबहादुर खड्काले सङ्गठनलाई अनुशासित तरीकाबाट सशक्त किसिमले चलाउनुपर्ने बताए । उनले आफ्नो हकअधिकारको लडाइँमा चुक्न नहुने बताए ।

रामबालक यादवको अध्यक्षतामा भएको उद्घाटन समारोहमा केन्द्रीय सदस्य अरविन्द सिंह, जिल्ला इन्चार्ज अर्जुन नेपालगायतले शुभकामना व्यक्त गरेका थिए । अधिवेशनले किशोर सिंहको अध्यक्षतामा ५१ सदस्यीय समिति गठन गरेको छ । समितिको उपाध्यक्ष अनु सिलवाल, सचिव मिन्टु चौधरी, पलट चौधरी र कोषाध्यक्षमा लालबहादुर थिङ, सुनीता धितालगायत रहेका छन् ।


## भूक्षय न्यूनीकरणका उपाय अपनाऔं

- बस्तीको माथिल्लो भागमा कुलो बनाइ पानीको उचित निकास दिऔं ।
- घरभित्र वा वरिपरिको जमीन चिरा परेको भए सुरक्षित स्थानमा बसौं ।
- नदी वा खोलामा बाढी आएमा तल्लो भागमा बस्ने जनसमुदायलाई सूचना दिऔं ।
- जमीन चिरा परेको छ भने त्यस्तो स्थानलाई टालौं र सजगता अपनाऔं ।
- भौगोलिक अवस्था विचार गरेर मात्र बाटो, कुलो वा नहर जस्ता संरचना बनाऔं ।

भूक्षयबाट बचौं र बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड









अविरल वर्षाका कारण पशुपालक किसानलाई घाँसको जोहो गर्न निकै गाऱ्हो छ । बस्तीनजीकै वनजङ्गल संक्षरणले केही सहजता प्रदान गरेको छ । निजगढस्थित बकैया पुल हुँदै घाँस ल्याउँदै स्थानीय महिला । तस्वीरः जीतलाल श्रेष्ठ